# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २२ | काठमाडौं | सोमबार, २ जेठ २०७९ | Prabhab National Daily, | Monday, May 16, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## छ वटै महानगरमा तीव्र प्रतिस्पर्धा

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकभर स्थानीय तहहरूको मत परिणाम आइरहँदा महानगरपालिकाहरूमा सबैको ध्यान बढी छ । छ वटा महानगरपालिकाको मतगणना सुस्त गतिमा भइरहेको छ । छ वटै महानगरहरूमा सत्तारुढ पाँचदलीय गठबन्धनले चुनावी तालमेल गरेका कारण पनि सबैको ध्यान केन्द्रित भएको हो । एमाले भने एक्लै चुनावी मैदानमा छ । त्यसैले दलहरूले महानगरहरूलाई आफ्नो प्रतिष्ठाको रूपमा पनि लिइरहेका छन् ।

आइतबार राति ११ बजेसम्मको मत परिणामअनुसार छ वटामध्ये दुईवटामा नेपाली कांग्रेसले अग्रता बनाएको छ । नेकपा एमाले, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी एक/एक महानगरमा अगाडि छ । एकमा स्वतन्त्र उम्मेदवारले अग्रता बनाइरहेको छ ।

देशको राजधानीसमेत रहेको काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन (बालेन्द्र) शाहले अग्रता लिएका छन् । उनी चार हजार ३६५ मतका साथ अग्रस्थानमा छन् । उनलाई एमालेका उम्मेदवार केशव स्थापित र गठबन्धनको तर्फबाट उम्मेदवार बनेकी कांग्रेस नेतृ सिर्जना सिंहले क्रमशः दुई हजार ३०३ र दुई हजार ६७ मतका साथ पछ्याइरहेका छन् ।

धेरै चर्चामा रहेको भरतपुर महानगरपालिकामा माओवादी केन्द्रकी उम्मेदवार रेनु दाहाल अगाडि छिन् । दाहालले दुई हजार ९१८ मतका साथ अग्रता लिइरहेकी छन् । एमालेका उम्मेदवार विजय सुवेदीले दुई हजार ९१५ मतसहित दाहाललाई पछ्याइरहेका छन् । यो आइतबार राति ११ बजेसम्मको तथ्यांक हो ।

ललितपुर महानगरपलिकामा नेपाली कांग्रेसका चिरीबाबु महर्जनले ८७७ मतका साथ अग्रता लिइरहेका छन् । एमालेका उम्मेदवार हरिकृष्ण व्यञ्जनकारले ४०२ मतका साथ पछ्याइरहेका छन् । सत्तारुढ गठबन्धनबाट उम्मेदवार बनेका महर्जन उक्त महानगरका निवर्तमान प्रमुख हुन् ।

यस्तै पोखरा महानगरपालिकामा एकीकृत समाजवादीका धनराज आचार्यले एक हजार १२१ मतका साथ अग्रता बनाइरहेका छन् । गठबन्धनका उम्मेदवार आचार्यलाई एमालेका उम्मेदवार कृष्णबहादुर थापाले एक हजार ४० मतका साथ पछ्याइरहेका छन् ।

विराटनगर महानगरपालिकामा कांग्रेसका उम्मेदवार नागेश कोइरालाको अग्रता छ । गठबन्धनका उम्मेदवार उनले तीन हजार ५१८ मतका साथ अग्रता बनाएका हुन् । कोइरालालाई एमालेका सागर कुमार थापाले दुई हजार ५८६ मतका साथ पछ्याइरहेका छन् ।

वीरगञ्ज महानगरमा जनता समाजवादीका उम्मेदवार दोब्बरभन्दा बढी मतका साथ अगाडि छन् । गठबन्धनका उम्मेदवार उनले यो समाचार तयार पार्दासम्म दुई हजार ८३२ मत पाएका छन् । एमालेका विजयकुमार सरावगीले एक हजार २८६ मत जोडेका छन् ।

# स्वतन्त्र उम्मेदवारको दबदबा

**स्वतन्त्र उम्मेदवारी दिएर दबदबा राख्ने बालेन एक्ला उम्मेदवार होइनन् । हालसम्म प्राप्त विवरणअनुसार पालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार निर्वाचित भइसकेको नभए पनि केही वडामा स्वतन्त्रले जितिसकेका छन् । दुई उपमहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारको अग्रता छ ।**

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीय तह निर्वाचनमा सबैभन्दा चासोका साथ हेरिएको काठमाडौं महानगरपालिकामा मतगणना सुरु भएदेखि नै स्वतन्त्र उम्मेदवार बालेन (बालेन्द्र) शाहले अग्रता लिएका छन् । यद्यपि, धेरै मत गणना हुन बाँकी छ । ती सबै मत गणना भएपछि काठमाडौंको नेतृत्व कसले सम्हाल्ने निर्क्योल हुनेछ । प्रारम्भिक रुझानमा बालेनकै दबदबा छ । यही अग्रतालाई बढाउँदै गए नतिजा उनको पक्षमा आउने देखिन्छ ।

आइतबार राति ११ बजेसम्मको मतपरिणामअनुसार शाहले चार हजार ३६५ मत ल्याएका छन् । नेकपा एमालेको तर्फबाट मेयरका प्रत्यासी केशव स्थापितले दुई हजार ३०३ मत प्राप्त गर्दै शाहलाई पछ्याइरहेका छन् । त्यस्तै, गठबन्धनको तर्फबाट उम्मेदवारी दिएकी नेपाली कांग्रेसकी सिर्जना सिंहले दुई हजार ६७ मत प्राप्त गरेकी छन् ।

स्वतन्त्र उम्मेदवारी दिएर दबदबा राख्ने बालेन एक्ला उम्मेदवार होइनन् । हालसम्म प्राप्त विवरणअनुसार पालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार निर्वाचित नभए पनि केही वडामा भने निर्वाचित भएका छन् । दुई उपमहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारको अग्रता छ ।

सुदूरपश्चिमको एकमात्र उपहानगरपालिका धनगढीमा स्वतन्त्र उम्मेदवार गोपाल हमालले अग्रता लिइरहेका छन् । यस्तै, जनकपुर उपमहानगरपालिकामा पनि स्वतन्त्र उम्मेदवार मनोज शाह सुडीले अग्रता लिइरहेका छन् ।

### जहाँ स्वतन्त्रले बाजी मारे

रोल्पाको सुनिलस्मृति गाउँपालिकाको एक वडामा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । वडा नम्बर २ को अध्यक्षमा नेत्रबहादुर गिरी निर्वाचित भएका हुन् ।

उनी नेपाली कांग्रेसबाट टिकटको आकांक्षी थिए । तर, कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उठेका थिए । लौरो चिह्नबाट चुनाव लडेका गिरीले ५०७ मत ल्याएर विजयी भएका हुन् । गिरी २०७४ सालको स्थानीय तह निर्वाचनमासमेत स्वतन्त्र उम्मेदवारी दिई विजयी भएका थिए । त्यतिबेला पनि कांग्रेसले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

यस्तै, जुम्लाको कनकासुन्दरी गाउँपालिका-८ मा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । स्वतन्त्र उम्मेदवार धनबहादुर कामीको प्यानल नै विजयी भएको हो । उनीहरूले तीन सदस्य र एक वडाध्यक्ष पदमा स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

धनबहादुरले २८८ मत प्राप्त गर्दै वडाध्यक्ष जिते । उनका प्रतिद्वन्द्वी कांग्रेसका कप्तानबहादुर शाही २२० मतमा समेटिए । वडा सदस्यमा गोल दमाई र कर्णजित सार्की निर्वाचित भए । महिला सदस्यमा कांग्रेसकी रामुदेवी काफ्ले विजयी भएकी छन् । दलित महिला सदस्यमा स्वतन्त्र उम्मेदवार चनाखी कुलाल विजय भएकी छन् । कनकासुन्दरी-८ मा वडाध्यक्षसहित चार जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् ।

यसैगरी, दाङको शान्तिनगर गाउँपालिका-२ को वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । २७ वर्षीय सुनिल वली ६२९ मत ल्याएर विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका ठाकुरप्रसाद केसीले ५९७ मत प्राप्त गरे । (**बाँकी पृष्ठ ५ मा**)



| अन्तिम मत परिमाण: प्रमुख/अध्यक्ष | अन्तिम मत परिमाण: उपप्रमुख/उपाध्यक्ष | अग्रता: प्रमुख/अध्यक्ष | अग्रता: उपप्रमुख/उपाध्यक्ष |
|---|---|---|---|
| नेकपा एमाले: १९ | नेकपा एमाले: २६ | नेकपा एमाले: १८१ | नेकपा एमाले: १९७ |
| नेपाली कांग्रेस: १५ | नेपाली कांग्रेस: २३ | नेपाली कांग्रेस: २७७ | नेपाली कांग्रेस:२३४ |
| माओवादी केन्द्र: १३ | माओवादी केन्द्र: ६ | माओवादी केन्द्र: १११ | माओवादी केन्द्र:१३० |
| जसपा नेपाल: ० | जसपा नेपाल: ० | जसपा नेपाल: ३३ | जसपा नेपाल: ३७ |
| लोसपा नेपाल: ० | लोसपा नेपाल: ० | लोसपा नेपाल: १४ | लोसपा नेपाल: ११ |
| ए. समाजवादी: २ | ए. समाजवादी: ३ | ए. समाजवादी: १७ | ए. समाजवादी: १७ |

### सात मतदान केन्द्रमा मतदान

काठमाडौं (प्रस)- पाँच स्थानीय तहका विभिन्न सातवटा मतदान केन्द्रमा आइतबार शान्तिपूर्ण रूपमा मतदान भएको छ । गत वैशाख ३० गते स्थगन भएका स्थलका ती मतदान केन्द्रमा मतदान भएको हो ।

निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जिइओसी) मा संकलित विवरणअनुसार जुम्लाको गुठीचौर गाउँपालिका-३ को शंकर मावि, गर्ज्याङ्कोट मतदानस्थलको एक मतदान केन्द्र, सप्तरीको डाक्नेश्वरी नगरपालिकाका-२ को जनता मावि, हरिहरा मतदानस्थलका दुई मतदान केन्द्र, कालीकोटको रास्कोट गाउँपालिका-४ को रमालमष्टो मावि, स्युनाको एक मतदान केन्द्र, कालीकोटकै पचालभरना गाउँपालिका-३ को जनता मावि, खार्दुपको एक मतदान केन्द्र, बझाङको जयपृथ्वी नगरपालिका सुनी वडा नं ७ को सुनीपीपल चौर माविको दुई मतदान केन्द्रमा आइतबार मतदान सम्पन्न भएको छ ।

राजनीतिक दल र उम्मेदवार तथा अन्य पक्षको विवादका कारण देशभरका ८५ मतदान केन्द्रमा मतदान स्थगित भएका थिए । ती केन्द्रमध्ये विभिन्न मतदान केन्द्रमा निर्वाचनको नयाँ मिति तोकिने र निर्वाचन हुने क्रम जारी रहेको आयोगले जनाएको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'फ्रि भिसा, फ्रि टिकट'को नीति पुनरवलोकन गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारमा जाने श्रमिकको हितका लागि ल्याएको 'फ्रि भिसा, फ्रि टिकट'को नीति परिवर्तन गर्ने तयारी गरेको छ । सात वर्षअघि सरकारले यो नीति लागू गरेको भए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको थिएन । अहिले आएर सरकारले व्यवसायीको मागबमोजिम उक्त नीति पुनरवलोकन गर्न लागेको हो ।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले २०७२ असारमा वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले 'शून्य' लागतमा जान पाउने नीति कार्यान्वयनमा ल्याएको थियो । उक्त नीतिअनुसार म्यानपावर कम्पनीले श्रमिकसँग सेवा शुल्कबापत अधिकतम १० हजार रूपैयाँ मात्रै लिन पाउने व्यवस्था गरेको थियो । तर सरकारले उक्त नीति कार्यान्वयनमा कडाइ गर्न नसक्दा वैदेशिक रोजगारीमा जाने युवाहरू झन् मारमा परे । म्यानपावर कम्पनीहरूले १० हजार लिएर श्रमिक पठाउन नसकिने भन्दै उक्त नीतिको विरोध गर्दै आएका थिए । उनीहरूले सरकारको नीतिविपरीत गोप्य रूपमा श्रमिकसँग अतिरिक्त शुल्क लिने क्रम रोकेनन् । बाहिर निःशुल्क भिसा र टिकट भनिए पनि भित्री रूपमा श्रमिकले पैसा बुझाउनुपर्थ्यो । त्यो क्रम अहिलेसम्म पनि चलिरहेको छ ।

आजको मितिसम्म श्रम मन्त्रालयले न अतिरिक्त शुल्क लिनेमाथि कारबाही गर्न सक्यो, न आफ्नो नीति नै कार्यान्वयन गर्न सक्यो । अन्ततः श्रमिकको हितमा रहेको 'फ्रि भिसा, फ्रि टिकट'को नीति नै पुनरवलोकन गर्ने अवस्थामा मन्त्रालय आइपुगेको छ ।

श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेपछि श्रममन्त्री कृष्णकुमार श्रेष्ठले फ्रि भिसा,




फ्रि टिकटको प्रभावकारी कार्यान्वयन गर्न खोजेपनि विभिन्न प्राविधिक समस्या देखिएपछि नीतिमा नै हेरफेर गर्न लागिएको मन्त्रालयसम्बद्ध स्रोतको दाबी छ । सरकारको नीतिले वैदेशिक रोजगारमा जाने कामदार अप्रत्यक्षरूपमा ठगिने र राजस्व पनि गुम्ने देखिएकाले मन्त्री श्रेष्ठकै पहलमा पुनरवलोकनको तयारी थालिएको मन्त्रायलका एक उच्च अधिकारी बताउँछन् ।

स्थानीय तह निर्वाचनका कारण रोकिएको पुनरवलोकन अध्ययन कार्य अब छिट्टै सुरु गर्ने तयारीमा मन्त्रालय लागेको छ । फ्रि भिसा, फ्रि टिकटको नीति पुनरवलोकन गर्ने सवालमा केही आन्तरिक समीक्षा भएको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले बताए । उनले भने, 'प्राविधिक रूपमा अव्यावहारिक र कार्यान्वयनमा जटिलता देखिएका कारण फ्रि भिसा, फ्रि टिकटमात्र होइन मन्त्रालयले गरेका केही अन्य निर्णयहरू पनि पुनरवलोकन गर्नुपर्ने अवश्यकता देखिएको छ । सोहीअनुरूप मन्त्रालयले आन्तरिक समीक्षा गरिरहेको छ ।'

वैदेशिक रोजगारमा जाने कामदारहरूको भिसा र टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्थाजायज भएपनि कार्यान्वयन नै नहुने र हुन नसक्ने नीति यथास्थितिमा राखिरहनुभन्दा व्यावहारिक ढंगले शुल्क तोकेर सेवा दिनु न्यायोचित हुने वैदशिक रोजगार व्यवसायीहरूले बताउँदै आएका छन् । व्यवसायीहरूकै आग्रहमा श्रम मन्त्रालयले नीति पुनरवलोकनको तयारी थालेको बताइएको छ । यस सम्बन्धमा अध्ययन गर्न बनाइएको कार्यदलमा केही व्यवसायीहरूलाई पनि समावेस गरिएको छ । अध्ययन कार्यदलमा को-को छन् भन्ने नखुलाइएपनि स्थानीय तहको निर्वाचनपछि छिट्टै अध्ययन प्रतिवेदन आउने मन्त्रालयका अधिकारीहरू बताउँछन् । श्रममन्त्री श्रेष्ठले यसअघि पत्रकार सम्मेलन गरेर फ्रि भिसा र टिकटको नीति वैज्ञानिक नभएको र कार्यदल गठन गरेर अध्ययन भइरहेको बताएका थिए । यसबाट पनि फ्रि भिसा, फ्रि टिकटको नीति परिवर्तन हुने प्रस्ट हुन्छ ।

व्यवसायीले पनि सेवा शुल्कबापत १० हजार रूपैंयाँमात्र लिन पाइने प्रावधान भएपनि श्रमिकले अतिरिक्त शुल्क तिर्नुपरिरहेको तथाराज्यले पनि कर गुमाउनुपरेको स्वीकार्दै आएका छन् । यसलाई कानुनी रूपमा नै हल गर्नुपर्ने उनिहरूको तर्क छ । एक व्यवसायी भन्छन्,- 'श्रम मन्त्रालयले गरेका कतिपय निर्णय अव्यावहारिक र कामदारलाई अप्रत्यक्ष आर्थिकभार पार्ने खालका छन् । ती नीतिहरूको पुनरवलोकन हुन जरुरी छ, र यसका लागि मन्त्रीज्यू पनि सकारात्मक नै देखिनुहुन्छ । हाम्रो लागि यो खुसीकै कुरा हो ।'

सरकारले फ्रि भिसा, फ्रि टिकटको नीति पुनरवलोकन तयारी गरिरहँदा २०७५ साउन २८ गते 'वैदेशिक रोजगारीका लागि सम्भावित गन्तव्य मुलुक, सरकारीस्तरबाट श्रमिक पठाउने सम्भाव्यता र सेवा शुल्कसम्बन्धी अध्ययन गर्न बनेको कार्यदल'ले दिएको प्रतिवेदन अझै सार्वजनिक भएको छैन । पूर्वराजदूत उदयराज पाण्डेको संयोजकत्वमा तयार परिएको प्रतिवेदनमा

**आजको मितिसम्म श्रम मन्त्रालयले न अतिरिक्त शुल्क लिनेमाथि कारबाही गर्न सक्यो, न आफ्नो नीति नै कार्यान्वयन गर्न सक्यो । अन्ततः श्रमिकको हितमा रहेको 'फ्रि भिसा, फ्रि टिकट'को नीति नै पुनरवलोकन गर्ने अवस्थामा मन्त्रालय आइपुगेको छ ।**

हालको व्यवस्थालाई प्रभावकारी बनाएर सबै श्रम गन्तव्य मुलुकमा फ्रि भिसा र फ्रि टिकटको नीति अवलम्बन गर्न सिफारिस गरेको थियो । तर पछिल्लो समय वैदेशिक रोजगारीमा श्रमिकहरू जाँदा लाग्ने सम्पूर्ण खर्च रोजगारदाताले व्यहोर्ने पद्धति (इम्प्लोयर पे मोडेल) लागू गर्नुपर्छ भन्ने मान्यताबाट सरकार पछि हट्न खोजेको देखिन्छ ।



# आर्थिक सहयोग नपाएपछि घटे निर्वाचन पर्यवेक्षक

■ प्रकाश सिलवाल

**काठमाडौं**– 'पर्यवेक्षकहरूले मतदाताको विश्वास जित्न सबैसँग मिजासिलो भएर आदर सम्मान गर्न आवश्यक छ । यस पटकका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षक नभएकाले राष्ट्रिय र स्थानीय पर्यवेक्षकले इमान्दारीपूर्वक विश्वास जितेर काम गर्नुपर्छ ।'

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा पर्यवेक्षणका लागि अनुमति प्राप्त विभिन्न ६८ सामाजिक संस्थाका मुख्य प्रतिनिधिका लागि गत वैशाख १४ मा आयोजित प्रशिक्षण कार्यक्रमको शुभारम्भका अवसरमा निर्वाचन आयोगमा पर्यवेक्षणसमेत हेर्ने आयुक्त सगुनशमशेर जबराले भनेका थिए, ' पर्यवेक्षकहरू निर्वाचनका लागि आँखा र कान दुवै हुन् । उनीहरूले इमान्दारीपूर्वक जिम्मेवारी बहन गरेमा निर्वाचनको स्वच्छता र विश्वसनीयता वृद्धि हुनेछ ।'

आयोगले गरेको उक्त अपेक्षानुसार पर्यवेक्षकहरूले काम गरे/नगरेको विषयमा विस्तृत विवरण आइसकेको छैन । तर, गत वैशाख ३० गते भएको निर्वाचनमा आयोगले अपेक्षा गरेको २० हजारको एक चौथाइ पर्यवेक्षक मात्रै परिचालित भएका छन् । आयोगले पर्यवेक्षणका लागि अनुमति माग्ने विभिन्न ६८ संस्थालाई अनुमति दिएको थियो । ती संस्थाबाट पर्यवेक्षण गर्ने प्रतिनिधिका व्यक्तिगत विवरणसहित विद्युत्ीय प्रणालीबाट कागजपत्र पेस गर्न तीन दिन समय दिइएको थियो ।

उक्त अवधिमा आवेदन दिई प्रमाणीकरण (स्वीकृत) भएका पर्यवेक्षकको संख्या पाँच हजार ४३७ जनामा सीमित रह्यो । सुरुमा ६८ संस्थाले अनुमति लिएकामा अन्तिममा ३७ संस्थाले मात्रै पर्यवेक्षक खटाएका छन् । तीमध्ये पनि केही पर्यवेक्षक परिचयपत्र लिन नआएको, केहीले परिचयपत्र लिएर पनि स्थलमा नगएको र अधिकांशले मतदानको दिनको मात्रै पर्यवेक्षण गरेको पाइएको छ । पर्यवेक्षकको जिम्मेवारीमा मतगणना कार्यभर पर्यवेक्षण गर्न र अन्तिममा प्रतिवेदन बुझाएर बिदा हुनुपर्ने उल्लेख छ ।

पर्यवेक्षकका लागि आयोगले कुनै आर्थिक सहयोग गरेको थिएन भने जिम्मेवारी लिने संस्थाहरूलाई पनि राष्ट्रिय निर्वाचनमा जस्तो पर्यवेक्षणका लागि ठोस सहकार्य नभएकाले पर्यवेक्षकमा काम गर्न आकर्षण नदेखिएको पाइएको छ ।

आयोगको विवरणअनुसार सबैभन्दा बढी पर्यवेक्षक खटाउने संस्थामा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) रहेको छ । यस संस्थाले कूल एक हजार १६ पर्यवेक्षक खटाएको थियो । यसपछिको क्रममा निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)ले ४०९, आमनिर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक)ले ३३५, शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प)ले २८६, अनौपचारिक क्षेत्र सेवा क्षेत्र (इन्सेक)ले २३६, नेपाल मानवअधिकार संगठनले २२९ संख्यामा पर्यवेक्षक खटाएको छ । अन्य संस्थाले सोभन्दा कम संख्यामा पर्यवेक्षक खटाएका छन् । केही संस्थाले त ५० जनामात्रै पनि परिचालन गरेका छन् ।

**अधिकांश काठमाडौं केन्द्रित संस्था**

जिम्मेवारी लिएका ३७ संस्थामध्ये पनि अधिकांश काठमाडौं उपत्यका केन्द्रित छन् । उपत्यकाबाहिर बाँकेको बागेश्वरी असल शासन क्लब (बास), पाल्पाको सशक्तीकरण नेपाल, दैलेखको सामाजिक सेवा केन्द्र (सासोक) नेपाल, कैलालीको दिगो विकास समाज र कञ्चनपुरको वातावरण संरक्षण तथा समाज कल्याण संघ नेपाल रहेको छ ।

स्थानीय तह निर्वाचनमा सबैभन्दा धेरै पर्यवेक्षक भएको नियोककी महासचिव देविका तिमिल्सिनाले आफूहरू गएको स्थानमा अन्य संस्थाका पर्यवेक्षकहरू अन्यन्त कम देखिएको र कतिपय पर्यवेक्षक उम्मेदवारको प्रतिनिधि (एजेन्ट) सँग बसेको भेटिएको बताइन् । नियोकका तर्फबाट पूर्वसभामुख दमननाथ ढुंगाना, पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ, पूर्वआयुक्त वीरेन्द्र मिश्रलगायत विशिष्ट पर्यवेक्षकका रूपमा पनि स्थलमा पुगेका थिए । विशिष्ट पर्यवेक्षकहरू मतदानस्थलमा पुग्दा निर्वाचन अधिकृत र उम्मेदवारहरू थप सतर्क भई निष्पक्ष निर्वाचन गराउनका लागि परेको पनि पाइएको महासचिव तिमिल्सनाको अनुभव छ ।




जियोकको सचिवालय सञ्चालन गरिरहेको नेपाल कानुन समाजकी कार्यक्रम अधिकृत रेजिना भट्टराई आफूहरूले द एसिया फउन्डेसनको नियमित कार्यक्रम (परियोजना) को बजेट रकमान्तर गरी पर्यवेक्षण कार्य गराएको बताउँदै आयोगले तीन दिन मात्रै आवेदनका लागि समय दिएको र प्रणालीमा आवेदन दिने प्रक्रिया सरल नबनाएकाले पनि संख्या धेरै नभएको टिप्पणी गरिन् । जियोकका तर्फबाट पूर्वप्रधान्यायाशीधहरू कल्याण श्रेष्ठ र सुशीला कार्की, पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, पूर्वनिर्वाचन आयुक्त इला शर्मा, पूर्वमुख्यसचिव तीर्थमान शाक्यलगायत विशिष्ट पर्यवेक्षक थिए ।

इन्सेकका पर्यवेक्षण फोकल पर्सन रमेश तिमिल्सिनाले आयोगले ढिलो आवेदन खोलेर चाँडो बन्द गरेको साथै मतदाता भएका सम्बन्धित पालिकामा पर्यवेक्षण गर्न नमिल्ने गरी सुरुमा मापदण्ड ल्याएको बताउँदै जसले गर्दा पर्यवेक्षकहरू या पर्यवेक्षण गर्ने या मतदान गर्ने दुईमध्ये एक रोज्नुपर्ने अवस्थामा पुगेको प्रतिक्रिया दिए । पर्यवेक्षकहरूको सुझावका आधारमा आयोगले पछि मतदाता भएको वडामा मात्रै पर्यवेक्षण गर्न नपाइने प्रावधान ल्याएको थियो । इन्सेकका तर्फबाट राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य सुशील प्याकुरेल, इन्सेकका अध्यक्ष इन्दिरा श्रेष्ठ, कार्यसमिति सदस्य शोभाकर बुढाथोकी र कार्यकारी निर्देशक विजयराज गौतम विशिष्ट पर्यवेक्षक थिए ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले मतदाता कायम रहेको स्थलमा पनि पर्यवेक्षण गर्न दिइँदा दल र उम्मेदवारलाई कतिपय पर्यवेक्षकले पक्षधरता देखाएको गुनासोका आधारमा यस वर्ष नयाँ प्रावधान गरिएको बताए ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र पारदर्शी बनाउन विश्वका लोकतान्त्रिक मुलुकमा पर्यवेक्षणको प्रबन्ध गरिएको हुन्छ । निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ ले विभिन्न ११ वटा बुँदामा पर्यवेक्षकको दायित्व निर्धारण गरेको छ । पर्यवेक्षक हुन कुनै दलको सदस्य नरहेको वा सरकारको बहालवाला पदाधिकारी वा कर्मचारी कायम नरहेको हुनुपर्ने लगायतका योग्यता तोकिएको छ ।

पर्यवेक्षकले निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग निर्वाचनसम्बन्धी विषयमा स्वतन्त्र र निष्पक्षरूपमा संवाद गर्ने, आयोगले अनुमति दिएको क्षेत्र वा स्थानमा मात्र पर्यवेक्षण गर्ने, निर्वाचन प्रचारप्रसार अभियान, निर्वाचनमा लैंगिक तथा समावेशिताको अवस्था, मतदाताको निर्वाध आवतजावत, निर्वाचन सामग्रीहरूको ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणामसमेतका विषयमा पर्यवेक्षण गर्ने दायित्व तोकिएको छ ।

सोहीअनुसार निर्वाचनसम्बन्धी प्रक्रियाको विभिन्न चरणमा सम्बन्धित राजनीतिक दलहरूको सहभागिता रहे वा नरहेको विषयमा जानकारी लिने, निर्वाचन अधिकृतको अनुमति लिएर मात्र मतगणनास्थलमा प्रवेश गर्ने, निर्वाचन अधिकृतको अनुमति लिएर मात्र मतदान केन्द्रभित्र प्रवेश गर्ने, यसरी प्रवेश गर्दा मतदान केन्द्रको गोप्य कक्षमा प्रवेश नगर्ने, निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रियासम्बन्धी जानकारी लिने व्यवस्था छ ।

पर्यवेक्षकको कार्यमा खटिँदा पर्यवेक्षकलाई प्राप्त परिचयपत्र सबैले देख्नेगरी लगाउनुपर्ने, आफूले पर्यवेक्षण गरेको प्रत्येक स्थानको प्रतिवेदन तयार गरी आफूलाई नियुक्त गर्ने पर्यवेक्षण संस्थामा पेस गर्ने, पर्यवेक्षणका क्रममा कुनै किसिमको डर, त्रास, देखाएर कुनै पनि मतदान केन्द्र वा मतदान केन्द्रको वरिपरि मतदाताहरूलाई स्वतन्त्ररूपले मतदान गर्नबाट वञ्चित गर्ने कार्य आदि भएको देखेमा सोसम्बन्धी जानकारी तुरुन्त आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा निर्वाचन कार्यालयलाई गराउनुपर्ने निर्देशिकामा भनिएको छ । ***रासस***

# मानवीय त्रुटीलाई विवादको विषय नबनाउन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं**– निर्वाचन आयोगले मतगणनाका क्रममा हुने सामान्य मानवीय त्रुटीलाई विवादको विषय नबनाउन आग्रह गरेको छ । अनावश्यक विवाद झिकी मतगणना कार्य रोक्ने, हुलहुज्जत गर्ने, नाराबाजी गर्ने र समग्र मतगणनाकार्यमा ढिलाइ गर्ने गरिएकोप्रति ध्यानाकर्षण भएको आयोगले जनाएको छ । मत गणनाका क्रममा देखिएको गतिविधिबाट पूर्वयोजनाअनुसार जेठ ५ गते अगावै मतगणना कार्य सम्पन्न गर्ने उद्देश्यमा असर पुगेको आयोगले जनाएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आइतबार विज्ञप्ति जारी गर्दै जिल्लामा रहेको जनशक्ति व्यवस्थापन समन्वय समितिसँग समन्वय गरी आवश्यक जनशक्ति व्यवस्थापन गरेर मतगणनालाई तीव्र बनाउन आग्रह गरेका हुन् । उपलब्ध भएसम्म नेपाल सरकार तथा प्रदेश सरकारका कर्मचारीलाई मतगणना कार्यमा प्राथमिकतासाथ खटाउने तथा स्थानको उपलब्धताअनुसार सकेसम्म बढी मतगणना टोली कायम गरी मतगणना गर्ने व्यवस्था मिलाउन पनि आयोगले आग्रह गरेको छ ।

# त्रिविमा आइतबार बिदा नहुने

**काठमाडौं (प्रस)**– त्रिभुवन विश्वविद्यालयले हप्ताको छ दिन नै नियमित पठनपाठन र अन्य सेवाहरू सञ्चालन गर्ने भएको छ । नेपाल सरकारले परीक्षणका रूपमा जेठ १ गतेदेखि लागू हुनेगरी हप्तामा दुई दिन (प्रत्येक शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय गरेको सन्दर्भमा विश्वविद्यालयले आइतबार एक सूचना जारी गरी अर्को सूचना नभएसम्मका लागि साविकबमोजिम नै आइतबारसमेत विश्वविद्यालयका सेवाहरू सञ्चालनमा रहने जनाएको हो ।

त्रिवि सूचना तथा जनसम्पर्क महाशाखाद्वारा जारी सूचनामा कोभिडको असरका कारणले शैक्षिक पात्रो ढिलो भएको, पठनपाठन र परीक्षाका तालिकाहरू पहिले नै निर्धारण भइसकेको तथा विश्वविद्यालयको पाठ्यक्रमको संरचनासमेत छ कार्य दिनलाई ध्यानमा राखेर निर्माण भइसकेको हुँदा नियमित रूपमा सञ्चालन गर्न आवश्यक भएकाले उल्लेख छ । साथै, विद्यार्थीहरूको पठनपाठन र विश्वविद्यालयबाट प्रदान गरिने स्वास्थ्य सेवालगायत अन्य सेवाहरूलाई छ दिन नै सञ्चालन गर्ने बताइएको छ ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ जेठ २ गते सोमबार (तिथिः पूर्णिमा, नक्षत्रः विशाखा, शुक्लपक्ष)

| | |
|---|---|
| मेष | नयाँ सम्बन्ध विस्तार हुनेछ । |
| वृष | आम्दानी राम्रो हुनेछ । |
| मिथुन | अरुबाट सहयोग प्राप्त हुनेछ । |
| कर्कट | अनावश्यक डरले सताउनेछ । |
| सिंह | अनावश्यक कार्यमा हात नहाल्नुहोला । |
| कन्या | जग्गासम्बन्धी काममा सफलता मिल्नेछ । |
| तुला | शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| वृश्चिक | अनावश्यक खर्च नगर्नुहोला । |
| धनु | रोकावटपछि सफलता प्राप्त हुनेछ । |
| मकर | काम सफल हुने योग छ । |
| कुम्भ | अनावश्यक तनाव बढ्नेछ । |
| मीन | पारिवारिक सहयोग राम्रो रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २ गते, २०७९, १६ मे २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**विजय र्‍याली** | भक्तपुर नगरपालिका-१ मा नेपाल मजदुर किसान पार्टीको विजय र्‍याली । यहाँ वडाध्यक्ष श्यामकृष्ण खत्रीको प्यानलले जित हासिल गरेको हो । *तस्विर: रासस*

# आजबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन

■ प्रभाव संवाददाता



**लुम्बिनी-** राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको संयुक्त रूपमा उद्घाटन गर्न प्रधानमन्त्री शेरबहादुर देउवा लुम्बिनी आइपुगेका छन् ।

२,५६६ औं बुद्ध जयन्ती मूल समारोहमा सहभागिता जनाउन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि सोमबार लुम्बिनी आइपुग्ने भएपछि उनको स्वागतका लागि प्रधानमन्त्री देउवा लुम्बिनी आएका हुन् ।

बुद्ध जयन्तीको अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवाको निमन्त्रणमा मोदी सोमबार बिहान लुम्बिनी आउँदै छन् । मोदी सोमबार बिहान ११ बजे हेलिकप्टरमा लुम्बिनी आउनेछन् ।

बुद्ध जन्मस्थल लुम्बिनीमा हवाई मार्ग हुँदै आउने पर्यटकलाई केन्द्रित गरी लुम्बिनीबाट करिब २२ किलोमिटको दूरीमा निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सोमबारदेखि औपचारिक रूपमा सञ्चालनमा आउनेछ । यो करिब एक महिनादेखि नयाँ रनवेबाट आन्तरिक उडान सुरु गरिए पनि अन्तर्राष्ट्रिय उडान भने सोमबारदेखि मात्र हुने छन् ।

विमानस्थलमा आठतले कन्ट्रोल टावर, अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशानिक भवन, फायर बिल्डिङ, विद्युत् सबस्टेशन, सुरक्षाकर्मी आवास गृह, चेकिङ काउन्टर, प्रशासनिक भवन, अध्यागमन, कार्गो भवनलगायत संरचना निर्माण भएका छन् ।

तीन हजार मिटर लामो धावनमार्गसहित पाँच विमान पार्किङ क्षमता छ । एक हजार ९०० मिटरको ट्याक्सी वे, धावनमार्ग वरपर १० किलोमिटरको पेरिमिटर सडक, खानेपानी ट्याङ्की, बगैँचाहरूलगायत आवश्यक संरचना तयार भएका छन् ।

सोमबार नै लुम्बिनीमा निर्माण सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको पनि उद्घाटन हुने भएको छ ।

ध्यानकेन्द्रमा एकैपटक पाँच हजार जना अटाउने छाता शैलीको हलको छाना गर्मीमा चिसो र जाडोमा तातो हुने प्रविधि जडान गरिएको छ । केन्द्रको चारैतिर पर्खाल लगाइएको छ भने पर्खालभित्र बुद्धका विभिन्न आकर्षक प्रतिमाहरू राखिएका छन् । योजना प्रमुख भट्टराईका अनुसार ७५० मिटर लम्बाइको कम्पाउन्ड वालको साढे सात/सात मिटर फरकमा ९७ बुद्धमूर्ति राखिएका छन् । उक्त सभाहल निर्माणमा पहिलो चरणमा ३३ करोड र दोस्रो चरणमा करिब २७ करोड खर्च भएको बताइएको छ ।

बुद्धजयन्तीको अवसरमा मोदीसहित भारतीय अतिथिहरू चारवटा हेलिकप्टरमा लुम्बिनी आउने कार्यक्रम रहेको लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठीले जानकारी दिए ।

लुम्बिनी आइसकेपछि मोदीले मायादेवी मन्दिरमा मार्कर स्टोनमा पुष्प अर्पण गरी पूजा गर्ने, पुष्करणि पोखरीको अवलोकन र अशोक स्तम्भ अगाडि दुईवटा दीप प्रज्ज्वलन गर्ने कार्यक्रम रहेको छ । त्यसपछि मोदीले मायादेवी मन्दिरमा रहेको बोधीवृक्षमा जल अर्पण र आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्ने कार्यक्रम रहेको छ ।

त्यसपछि मोदीले भारतको इन्टरनेसनल बुद्धिस्ट कन्फेडेरेसन (आईबीसी)द्वारा निर्माण हुने बौद्ध बिहारको शिलान्यास गर्नेछन् । त्यसपछि लुम्बिनीमै रहेको होटल पवनमा केहीबेर आराम गरेपछि त्यही प्रधानमन्त्री देउवासँग भेटवार्ता र पत्रकार सम्मेलनको आयोजना गरिने लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले जानकारी दिए ।

पत्रकार सम्मेलनपछि मोदी लुम्बिनीमा नवनिर्मित ५ हजार जना क्षमताको सभाहलमा आयोजित २,५६६ औं बुद्ध जयन्ती मूल समारोहमा भाग लिएर सम्बोधन गर्ने छन् ।

# रोल्पामा माओवादी केन्द्र अगाडि

■ प्रभाव संवाददाता





**रोल्पा-** रोल्पामा नेकपा माओवादी केन्द्रले आफ्नो पकड कायमै राख्दै ३० वटा वडाको परिणाम सार्वजनिक गर्दा २० वटा आफ्नो पक्षमा पारेको छ ।

रोल्पाका १० स्थानीय तहको ३० वटा वडाको अन्तिम मतपरिणाम अन्तिम मतपरिणाम घोषणा भएका वडामध्ये २० मा नेकपा (माओवादी केन्द्र), पाँचमा नेपाली कांग्रेस, चारमा नेकपा एमाले र एक वडामा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । ७२ वडा रहेको रोल्पामा २० वटा वडाको अन्तिम मतपरिणाम सार्वजनिक भएको हो ।

नेकपा माओवादी केन्द्र विजयी भएका वडाहरूमा रोल्पाको थवाङ गाउँपालिकामा नेकपा माओवादी केन्द्रले विजयी भएका छन् । गाउँपालिका अध्यक्षमा नेकपा माओवादी केन्द्रका ऋषिकेशव बुढामगर निर्वाचित भएका हुन् भने उपाध्यक्षमा नेकपा माओवादी केन्द्रकी शर्मिला बुढामगर विजयी भएकी छिन् ।

रोल्पा नगरपालिका-१ मा खुमबहादुर थापा वडा नं २ मा प्रकाश डाँगी, वडा नं ४ मा मित्रलाल गुरुङ र वडा नं ५ मा टोपबहादुर नेपाली वडा नं ६ मा तुलबहादुर घर्तीमगर विजयी भएका छन् ।

माओवादी केन्द्रकै सुनिलस्मृति गाउँपालिका-१ मा गोवर्द्धन कँवर र वडा नं ३ मा दुर्गाहबहादुर विष्ट लुङ्ग्री गाउँपालिका-७ मा हीराबहादुर पुन र वडा नं ६ मा जोखबहादुर बुढाथोकी वडा नं ५ मा रिकबहादुर रोका पनि विजयी भएका छन् ।

थवाङ गाउँपालिका-५ मा गोवर्द्धन घर्तीमगर र वडा नं ३ मा जनक बुढामगर वडा नं २ मा अविलासा रोकामगर विजयी भएका छन् । परिवर्तन गाउँपालिका वडा नं १ मा मैते बुढामगर र वडा नं २ मा हरिप्रसाद घर्तीमगर विजयी भएका छन् ।

त्रिवेणी गाउँपालिका-१ मा देउराम घर्तीमगर, रुन्टीगढी गाउँपालिका- २ मा भिउलाल पुन, माडी गाउँपालिका- १ मा रोहित सिंह घर्तीमगर र वडा नं २ मा ललित घर्तीमगर विजयी भएका छन् भने सुनछहरी गाउँपालिका-१ मा धर्मेन्द्र रोकामगर र वडा नं २ मा कृष्णबहादुर बुढामगर विजयी भएका छन् ।

त्यसैगरी नेपाली कांग्रेसबाट गङ्गादेव गाउँपालिका- १, २ र ७ मा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन् । वडा नं १ मा अमृतबहादुर वली, वडा नं २ मा अमरबहादुर थापा, वडा नं ७ मा प्रेमप्रकाश केसी विजयी भएका हुन् । रोल्पा नगरपालिका-३ मा राजकुमार पुरी र रुन्टीगढी गाउँपालिका-१ मा थमबहादुर घर्तीमगर विजयी भएका हुन् ।

नेकपा एमालेबाट थवाङ गाउँपालिका-४ हिकमत घर्तीमगर विजयी भएका छन् । यसैगरी त्रिवेणी गाउँपालिका- २ कविराज बुढामगर र गङ्गादेव गाउँपालिका- ६ बाट वीरबहादुर वली र रुन्टीगढी गाउँपालिका-३ गणेश गिरी विजयी भएका हुन् ।

रोल्पाको सुनिलस्मृति गाउँपालिकाबाट भने स्वतन्त्र उम्मेदवार नेत्रबहादुर गिरी विजयी भएका छन् । गिरी २०७४ सालको स्थानीय तह निर्वाचनमासमेत स्वतन्त्र उम्मेदवारी दिई विजयी भएका थिए ।

# म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा मतगणना स्थगित

**म्याग्दी-** म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको मतगणना स्थगित भएको छ । नेपाली कांग्रेसका उम्मेदवारले वडा नं ३ को पुनः मतगणनाको माग गरेपछि बिहान १२ बजेदेखि रोकिएको मतगणना अझै सुरु भएको छैन ।

निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा अधिकारी र राजनीतिक दलका प्रतिनिधिहरूबीचको छलफलमा मतगणना अघि बढाउने विषयमा सहमति नजुटेपछि पुन मतगणनाका लागि निर्वाचन आयोगमा अनुमति मागिएको छ । निर्वाचन अधिकृत जानुका सुवेदीले पुनः मतगणनाको निवेदन निर्वाचन आयोगमा पठाइएको र आयोगको निर्णय नआउँदासम्मका लागि मतगणना स्थगित भएको बताए ।

निर्वाचन अधिकृतको कार्यालयले अन्नपूर्ण-३ दानामा नेकपा (एमाले)का वडाध्यक्षका उम्मेदवार रमेश पुर्जाले ५३४ मत ल्याएर विजयी भएको घोषणा गरेको थियो । नेपाली कांग्रेसका वडाध्यक्षका उम्मेदवार सुरत केसीले ५०८ मत पाएको घोषणा भएको थियो ।

वडा नं ४ को मतगणना गर्न थालेपछि केसी र कांग्रेसका प्रतिनिधिले पुनः मतगणनाको माग गरेका हुन् । अन्नपूर्ण-३ मा खसेको मतभन्दा गणना भएको मत संख्या बढी भएको केसीको भनाइ छ । एक हजार ५४५ जना मतदाता रहेको सो वडाको ज्ञानप्रकाश मतदान केन्द्रमा शुक्रबार भएको मतदानमा एक हजार ७६ मत खसेको थियो ।

पुनः मतगणनाको माग गर्दै कांग्रेसका कार्यकर्ताहरूले निर्वाचन अधिकृतको कार्यालय परिसरमा नाराबाजी गरेका थिए । विवाद समाधानका लागि प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानालगायत सुरक्षा अधिकारी अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर पुगेका थिए ।

अन्नपूर्ण-१ मा एमालेका दिलीपकुमार गर्बुजा र २ मा एमालेकै ओमप्रकाश फगामी निर्वाचित भएका थिए । अन्नपूर्णको दुईवटा वडाको एक हजार ५७ मत गनेर सकिदाँसम्म अध्यक्षमा एमालेका पुनले ६९१, कांग्रेसका तिलिजाले ३४२, उपाध्यक्षमा एमालेकी दिवाकुमारी पुनले ६६२ र कांग्रेसले ललिता तिलिजा पुनले ३४४ मत पाएका थिए । *रासस*

## संक्षिप्त

### करेन्ट लागेर दुई जनाको मृत्यु

**काठमाडौं (प्रस)–** रूपन्देही, सियारी गाउँपालिका-७ पश्चिमटोला बस्ने अमुवा विद्युत् वितरण केन्द्रमा कार्यरत ४० वर्षीय कनैया यादवको करेन्ट लागेर शनिबार मृत्यु भएको छ । गैडहवा गाउँपालिका-९ नयाँ मिलमा विद्युत्को ट्रासफर बनाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

नवलपरासी (पश्चिम), बर्दघाट नगरपालिका-१४ धर्म बस्ती बस्ने २९ वर्षीय संजय कामुको करेन्ट लागेर शनिबार मृत्यु भएको छ । सोही ठाउँ बस्ने अमनकली खत्रीको घरको छतमा शनिबार काम गर्ने क्रममा फलामको रडले विजुलीको नाङ्गो तारमा छोएर करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### फरार अभियुक्त पक्राउ

**काठमाडौं (प्रस)–** कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगका फरार अभियुक्त काठमाडौं चन्द्रागिरी नगरपालिका नैकाप बस्ने सिन्धुली कमलामाई नगरपालिका-१० ठेगाना भएका २५ वर्षीय मुण्डा भन्ने सरोज सुन्दासलाई घटनाको ३ वर्षपछि बुधबार प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका-३२ तिनकुने गैरीगाउँस्थित पेट्रोल पम्प नजिक महेश परियार, मनिष बाँनिया र सरोज सुन्दास समेतले २०७५ मंसिर ८ गते धारिलो हतियार चक्कु प्रहार गरी बिक्कि थेबे लिम्बुको हत्या गरेको र अनिल श्रेष्ठलाई गम्भीर घाइते बनाएको घटनामा संलग्न रही वारदात पश्चात फरार रहेका सुन्दास नैकापमा लुकिछिपी बसिरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले उनलाई नैकापबाट पक्राउ गरेको हो ।

# मृत अवस्थामा फेला

**काठमाडौं (प्रस)–** काठमाडौ महानगरपालिका-६ बौद्ध अरुणीमा स्कुल नजिकै सडक पेटीमा सोही महानगरपालिका-७ बस्ने ४२ वर्षीय कृष्ण श्रेष्ठ शनिबार मृत अवस्थामा फेला परेका छन् ।

सर्लाही, ईश्वरपुर नगरपालिका-५ बस्ने गोबिन्द मण्डलकी छोरी १२ वर्षीया करिना कुमारी मण्डल आफ्नै घरको सुत्ने कोठामा शनिबार मृत अवस्थामा फेला परेकी छिन् । कैलाली, गोदावरी नगरपालिका-६ बडेहा बस्ने ३५ वर्षीय देवीराम चौधरी आफ्नै घर आँगनमा रहेको नल्कामा शनिबार मृत अवस्थामा फेला परेका छन् ।


नेपाल सरकार
**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिचाइ विभाग**
**सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली**

**प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नेबारे सार्वजनिक सूचना**

प्रकाशित मिति:२०७९/०२/०२

बागमति प्रदेश, सिन्धुली जिल्ला, सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली |
| प्रस्तावको व्यहोरा | सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा न. १ क्षेत्रमा पर्नेडाँडि खहरे र जलेवाखहरेको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा आदि नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यको लागि गरिने प्रारम्भकि वातावरणीय परीक्षण। |
| प्रभाव पर्न सक्ने नगरपालिकाको क्षेत्रहरू | सिन्धुली जिल्ला, कमलामाई नगरपालिका अन्तर्गतको वडा न.१ र आसपासका क्षेत्रहरू |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय पसरक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लखिति राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनकि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्रचार गर्ने ठेगाना:**


| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली<br>फोन नं.०४७-५२१३१२<br>इमेल:smdmpp@gmalif\.com |

**आयोजना प्रमुख**



**हार्दिक श्रद्धाञ्जली**

**जन्म**
**२००४/०७/०२**


**स्वर्गारोहण**
**२०७९/०१/११**

**स्व. ङिमा शेर्पा (खम्बाचे)**

यस शेर्पा सेवा केन्द्रको आजिवन सदस्य श्री **ङिमा शेर्पा**को ७५ बर्षको उमेरमा असामयिक निधन भएकोले आज २३ औं दिनको पून्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अध्यक्ष**
**गेल्जे शेर्पा (लामा)**
तथा
**शेर्पा सेवा केन्द्र परिवार**
**बौद्ध टुसाल**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दलहरूलाई झापड !

वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनको मतगणना चलिरहेको छ । केही स्थानीय तहको अन्तिम परिणाम आइसकेको छ भने अधिकांशमा गणना जारी छ । सबै क्षेत्रको अन्तिम परिणाम आउन अझै केही दिन लाग्ने भएको छ ।

स्थानीय तह निर्वाचनमा सबैभन्दा चासोका साथ हेरिएको काठमाडौं महानगरपालिकामा मतगणना सुरु भएदेखि नै स्वतन्त्र उम्मेदवार बालेन (बालेन्द्र) साहले अग्रता लिएका छन् । यद्यपि, धेरै मत गणना हुन बाँकी छ । ती सबै मत गणना भएपछि काठमाडौंको नेतृत्व कसले सम्हाल्ने निर्क्योल हुने भए पनि प्रारम्भिक रुझानमा बालेनकै दबदबा छ । यसरी नै अग्रता बढाउँदै गए नतिजा उनको पक्षमा आउने देखिन्छ । स्वतन्त्र उम्मेदवारी दिएर दबदबा राख्ने बालेन एक्ला उम्मेदवार होइनन् । हालसम्म प्राप्त विवरणअनुसार पालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार निर्वाचित नभए पनि केही वडामा भने निर्वाचित भएका छन् । दुई उपमहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारको अग्रता छ ।

सुदूरपश्चिमको एकमात्र उपहानगरपालिका धनगढीमा स्वतन्त्र उम्मेदवार गोपाल हमालको अग्रता छ । धनुषाको जनकपुर उपमहानगरपालिकामा पनि स्वतन्त्र उम्मेदवार मनोज साह सुडीले अग्रता लिइरहेका छन् । जुम्ला, दैलेख, रोल्पा, दाङ, ललितपुर, महोत्तरीलगायतका जिल्लामा स्वतन्त्र उम्मेदवारले वडा जितेका छन् ।

यसले के देखाउँछ भने अघिल्लो निर्वाचनको तुलनामा यसपटक स्वतन्त्र उम्मेदवारले जित्ने संख्या बढी हुनेछ । पछिल्लो पुस्तामा राजनीतिक दलप्रति बढ्दै गएको वितृष्णाका रूपमा पनि यसलाई अर्थ्याउन सकिन्छ । राजनीतिक दल र तिनका नेताहरूले गर्ने व्यवहारले पनि आमजनमा उनीहरूप्रति आक्रोश छ, असन्तुष्टि छ । त्यसैको विकल्पका रूपमा स्वतन्त्र उम्मेदवारप्रति उनीहरूको आकर्षण बढेको हुन सक्छ । राजनीतिक दलले आफूले बनाउने योजना, गरेका घोषणा कार्यान्वयन नगर्ने, भ्रष्टाचार र अनियमिततामा चुर्लुम्म डुब्ने गरेका कारण पनि उनीहरूप्रति जनतामा अविश्वास छ । त्यसैलाई व्यक्त गरेका छन्, स्वतन्त्र उम्मेदवारलाई मत दिएर ।

कतिपय क्षेत्रमा आफू आबद्ध पार्टीले टिकट नदिएपछि स्वतन्त्र र बागी उम्मेदवारी परेका छन् । र, उनीहरू निर्वाचित भएका पनि छन् । यसले दिने अर्को सन्देश भनेको पार्टीहरूले वितरण गर्ने टिकट प्रणालीको पनि हो । उनीहरू कस्ता व्यक्तिलाई कसरी टिकट दिइरहेका छन् भन्ने प्रश्न हो । जनतामा भिजेको र लोकप्रिय व्यक्तिलाई टिकट दिइरहेका छन् वा कुनै शक्ति र स्रोतको बलमा दिइरहेका छन् भन्ने अहम् प्रश्न हो ।स्वतन्त्र उम्मेदवारले जित्नु भनेको राजनीतिक दलहरूलाई एक प्रकारको झापड हो । सच्चिनका लागि गतिलो पाठ पनि हो । राजनीतिक दलका नेताहरू नातावाद, कृपावादमा नरुमल्लिएको भए, भ्रष्टाचार र अनियमिततामा नलागेको भए जनता स्वतन्त्र उम्मेदवारप्रति आकर्षित हुने थिएनन् होला ।

राजनीतिक पार्टी प्रणालीमा स्वतन्त्र उम्मेदवारलाई काम गर्न पक्कै सजिलो छैन । राजनीतिक दलको दलदलमा फसेको कर्मचारी संयन्त्र, गिजोलिएको दलीय संयन्त्रले काम गर्न गाह्रो होला । तर, जरुर एउटा सिकाइ के हो भने राजनीतिक दल सच्चिएनन् भने एकपछि अर्को चुनावमा स्वतन्त्र उम्मेदवारको संख्या बढ्नेछ । त्यति नै मात्रामा निर्वाचित हुने उम्मेदवारको संख्या पनि बढ्नेछ । यसले दलीय व्यवस्थाभित्रको कुरूप चित्रलाई उदांगो पार्नेछ । त्यसकारण राजनीतिक दलहरूले यसबाट पाठ सिकेर सच्चिनुको विकल्प छैन । नत्र उनीहरू सक्किन समय लाग्ने छैन । अब सच्चिने कि सक्किने उनीहरूकै कर्ममा निर्भर रहनेछ ।

## मनन्योग्य

### विदुर नीति

असल व्यक्ति, ब्राह्मण, राजाहरू, बुढोपाखो मानिस, केटाकेटी, दुःखी र दरिद्रहरू आदीसँग आफूमा उठ्तैगरेको रिस (क्रोध) लाई सधैं नै नियन्त्रणमा राख्नुपर्दछ ।

बेकारको झगडा गर्नु मूर्खहरूको काम मामत्र हो । बुद्धिमान्ले मूर्खले गर्नेगरेको बेकारको कलहलाई त्याग्नुपर्दछ । कलह छोड्दा कीर्ति फैलन जान्छ र उसले अनर्थको सामना पनि गर्नुपर्दछ ।

जसरी स्त्रीहरूले पुरुषत्वहीन (नपुंसक) लोग्नेलाई त्यागिदिन्छन् । त्यसै गरी रिस पनि कुनै परिमाण छैन र खुसी हुँदा पनि कुनै फल दिदैंन भने त्यास्तो राजालाई पनि उसका जनताहरूले छाडिदिने गर्दछन् । अर्थात खुलाएको र रिसाएको एकै समान गर्ने राजा नपुंसक बराबरको हुन्छ ।

बुद्धिबाट घन लाभ हुन्छ । मूर्खताले गरिबी ल्याउँछ, भन्ने कुराको कुनै नियम छैन । इहलोक र परलोकबारे बुझ्ने व्यक्ति बुद्धिमान मात्र हुन्छ मूर्खले भने सांसारिक प्रपञ्चबारे थाहा पाउँदैन ।

विद्या पढेको, असल शीलस्वभाव भएको, पाको उमेर, परिपक्व बरद्धि, धनवान् र कुलीन तथा सम्मानित पुरुषलाई मूर्ख मानिसहरू सधैंभरि अनादर गर्ने गर्दछन् । अनाचार र अत्याचार गर्ने, अर्कालाई निन्दा गर्दै हिंड्ने, फोहरी कुरा गर्ने (दुष्ट-वचन बोल्ने), रिसाहा, मूर्ख व्यक्तिलाई दुःख र दारिद्रयले तुरुन्तै घेर्दछ ।

ठगी नगर्ने, दान गर्ने, आफ्नो बोलीमा रहने (वचनले पक्का), समयमा नै काम गर्ने, विचार पुर्याएर राम्रो बोली बोल्दै सबैको हितहुने कुरा गर्ने वा मधुर बोली बोल्ने मानिसले शत्रु तथा विरोधीहरू समेतलाई आफ्नो बशमा राख्न सक्तछ ।

झूठो कुरा नभन्ने, चलाख र सावधान, कृतज्ञ, बुद्धिमान, सरलस्वभाव भएको राजाले आफू धन सम्पत्ति वा ढुकुटी रित्तिने अवस्थामा पुग्दा पनि इष्टमित्र, नोकर-चाकर तथा आफूलाई सहयोग गर्ने व्यक्तिहरूलाई सहयोगीको रूपमा जुटाइरहन सक्तछ । **क्रमशः**

# लुम्बिनीसँग जोड्नैपर्ने सात बौद्ध गन्तव्य

नीरा गौतम

गौतम बुद्ध जन्मस्थलको विकासका लागि तयार पारिएको लुम्बिनी गुरुयोजना अब सकिने चरणमा छ । सन् १९७८ मा जापानी प्रा.केन्जो टाँगेले तयार पारेको गुरुयोजना झण्डै ४० वर्ष लगाएर सम्पन्न गरिँदै छ । टाँगेले सन् १९७२ देखि १९७८ सम्म छ वर्ष लगाएर लुम्बिनी गुरुयोजना कोरेका थिए । त्यसलाई १५ वर्षभित्र दुई चरणमा पूरा गर्ने लक्ष्य राखिए पनि सरकारी बेवास्ताका कारण अहिलेसम्म सम्पन्न हुन सकेको छैन । ढिलै भए पनि गुरुयोजना सम्पन्न भएपछि लुम्बिनी संसारका घुम्नलायक थोरै गन्तव्यमध्येको एउटा गन्तव्य बन्ने निश्चितप्रायः छ ।

लुम्बिनी अन्तर्राष्ट्रिय पर्यटकीयस्थलका रूपमा तयार हुनु र झण्डै २० किलोमिटर नजिकै अन्तर्राष्ट्रिय गौतमबुद्ध विमानस्थल सञ्चालनमा आउनुले यस क्षेत्रको भविष्यलाई अझ उज्ज्वल बन्ने संकेत देखिएको बौद्ध अध्येता वसन्त महर्जन बताउँछन् । 'लुम्बिनी गुरुयोजना समयमै सम्पन्न भएको भए पर्यटन प्रवर्द्धनमा फड्को मार्थ्यो तर ढिलो भए पनि सम्पन्न हुने चरणमा छ, यो सुखद् कुरा हो,' लेखक महर्जन भन्छन्, 'यस क्षेत्रको प्रवर्द्धन गरी आर्थिक लाभ लिन नेपाल र भारतका बौद्ध क्षेत्रसँग जोडेर विकास गर्नुपर्छ ।'

लुम्बिनी घुम्न आउने लाखौँ बौद्ध पर्यटकले बौद्ध संस्कारअनुसार लुम्बिनी घुम्ने विधि प्रयोग गरे पनि उनीहरू यहाँ जम्मा तीन दिन मात्र बास बस्छन् । पहिलो दिन लुम्बिनी ग्राम क्षेत्रमा रात बिताएर पवित्र आध्यात्मिक क्षेत्र प्रवेशका लागि मानसिक र शारीरिक रूपमा तयार रहने, दोस्रो दिन साँस्कृतिक क्षेत्रमा चित्त शुद्ध गर्ने र तेस्रो दिन मात्रै मायादेवी मन्दिरको दर्शन गर्नुपर्ने विधि



गुरुयोजनामा छ ।

एक हजार १५५ बिघा क्षेत्रफललाई तीन दिन लगाएर घुमेपछि पर्यटकले थप समय बिताउने गन्तव्य खोजी गर्ने छन् । त्यसकै लागि लुम्बिनी विकास कोषले लुम्बिनी क्षेत्रमा रहेका कपिलवस्तु र नवलपरासी/बर्दघाट सुस्तापूर्व र पश्चिमका बौद्ध गन्तव्यको विकास गर्नुपर्ने अवधारणा अघि सारेको छ ।

सुस्त गतिमा सम्पन्न हुन थालेको लुम्बिनी गुरुयोजना पूर्णतया सम्पन्न नहुँदै तयारी गरिएको अन्य गन्तव्यको गुरुयोजना निर्माण सफल होला वा नहोला भन्न सकिने अवस्था छैन । तथापि, एक दिन ती गन्तव्यलाई पनि लुम्बिनीजत्तिकै भव्य बनाउनुपर्ने आवश्यकता रहेको संस्कृतिविद् डा.गीतु गिरी बताउँछिन् । 'विकास कोष लुम्बिनीमा मात्रै केन्द्रित भयो जसले गर्दा बुद्धको जीवनसँग जोडिएका अन्य स्थलहरू ओझेलमा परे,' डा. गिरी भन्छिन्, जबसम्म यी स्थललाई लुम्बिनीसँग जोडेर विकास गरिँदैन, तबसम्म लुम्बिनीको पर्यटन प्रवर्द्धन हुँदैन ।' लुम्बिनीको पर्यटन प्रवर्द्धन गरी यहाँका नागरिकको जीवनस्तर परिवर्तन गर्ने हो भने सबै बौद्ध क्षेत्रलाई संरक्षण, सम्वर्द्धन गरी विकास गर्नुपर्ने उनको भनाइ छ । ' मौसमी बाजा बजाएर मात्रै हुँदैन, सरकार प्रतिबद्ध भएर लाग्नुपर्छ, अनि नागरिक समाज र निजी क्षेत्रले साथ दिनुपर्छ,' डा. गिरीको सुझाव छ ।

लुम्बिनी, तिलौराकोट, गोटिहवा, निग्लिहवा, कुदान, सगरहवा, अरौराकोट, देवदह, रामग्रामलगायत बौद्ध क्षेत्रलाई जोडेर विकास गर्न सकिएमात्रै पर्यटन प्रवर्द्धनबाट नेपालले फाइदा लिनसक्ने पर्यटन तथा संस्कृतिविद्को सुझाव छ ।

**लुम्बिनी**

सिद्धार्थ गौतमको जन्मस्थल लुम्बिनी विश्वसम्पदा सूचीमा सूचीकृत पवित्र ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदा हो जहाँ इपू ६२३ मा राजा शुद्धोधनकी रानी मायादेवीले सिद्धार्थलाई जन्म दिएकी थिइन् । विभिन्न बौद्ध वाङ्मयमा बुद्धको जन्मस्थल भनेर लुम्बिनी नाउँको एउटा उपवनलाई चिनाइएको तथा सो उपवनमा कालान्तरमा विभिन्न मानवीय गतिविधि हुन थालेको उल्लेख गरिएको छ । 'लुंमिनी गाम' शब्दको पहिलो उल्लेख लुम्बिनीस्थित मौर्य सम्राट अशोकद्वारा इपू. २४९ मा स्थापित शिलास्तम्भको अभिलेखमा परेको छ । ' त्रिपिटक'का विभिन्न ग्रन्थमा पनि सो शब्द उल्लेख गरिएको छ । ती ग्रन्थमा सो शब्दको उल्लेख भए पनि अशोकस्तम्भमा रहेको 'लुंमिनी गाम' शब्द नै पहिलो उल्लेख हो किनभने बौद्धधर्मका ती ग्रन्थ सम्राट अशोकपछि मात्र लेखिएको हो भन्ने मान्यता अध्येता महर्जनको छ । सो क्षेत्रमा दुई दर्जनभन्दा बढी बिहार र गुम्बा छन् जसलाई सन् १९९७ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो । इपू ११ सय शताब्दीसम्मका महत्त्वपूर्ण सम्पदा यहाँ छन् । मायादेवी मन्दिर वरिपरि रहेका इँटाका थुप्राहरू चैत्य र विहारका अवशेष हुन् ।

शाक्यमुनि बुद्धको जन्मस्थान भएकै कारण लुम्बिनी भन्नेबित्तिकै मायादेवी मन्दिरको नाम आउँछ । मायादेवी क्षेत्र लुम्बिनीको मुटु हो । सो ठाउँमा पुग्न संसारका बौद्धमार्गी लालायित छन् । विश्वभरका विभिन्न देशबाट बर्सेनि १६ लाखभन्दा बढी तीर्थालु सो पवित्र भूमिमा आउँछन् । मायादेवी मन्दिरमा पुगेर उनीहरू शान्तिको सास फेर्छन् ।

'रुमिनदेही' बुद्धको जन्म हुनुभन्दा पहिले एक बगैँचाका रूपमा परिचित थियो । प्राचीनकालमा लुम्बिनी क्षेत्र स्वतन्त्र कपिलवस्तु राज्यअन्तर्गत थियो । तिलौराकोट दरबार भएका राजा शुद्धोधनको सो राज्यको सिमाना पूर्वमा रोहिणी नदी, पश्चिममा अचिरावती (हाल दाङ जिल्ला भएर बग्ने राप्ती) नदी, उत्तरमा हिमालय पर्वत (महाभारत पर्वत शृंखला), पूर्वदक्षिणमा अनोमा नदी र पश्चिम दक्षिणमा कोषल (हाल भारतको बस्ती जिल्ला) राज्य थियो । कपिलवस्तुको पूर्वमा कोलीय राज्य थियो जसको राजधानी देवदह थियो ।

शुद्धोधनले कोलीय राजकुमारी मायादेवी र प्रजापतिसँग विवाह गरेका थिए । मायादेवीले आफ्नो माइती देवदह जानेक्रममा लुम्बिनीमा बुद्धलाई जन्म दिएकी थिइन् । बुद्धको जन्मस्थल भएकै कारण लुम्बिनीको मायादेवी मन्दिर क्षेत्र धार्मिक हिसाबले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । यहाँ विश्वका बौद्ध उपासकउपासिका गौतम बुद्धप्रति श्रद्धा भक्ति प्रकट गर्न आउने गर्छन् । मायादेवीमा भिक्षुभिक्षुणीका साथै उपासकउपासिकाले दीप प्रज्वलन गर्ने, ध्यान गर्ने, मन्त्र तथा सुत्र पाठ गर्ने गर्छन् ।

**तिलौराकोट**

लुम्बिनीदेखि करिब २८ किलोमिटरको दूरीमा सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको स्थान तिलौराकोट छ । यस क्षेत्रलाई विश्वसम्पदा क्षेत्रमा सूचीकृत गर्ने तयारी छ । त्यसका लागि लुम्बिनी विकास कोषले यही जेठ ३ र ४ गते यहाँ तिलौराकोट सम्मेलन गर्दै छ । सम्मेलनमा नेपाल तथा विभिन्न देशका विज्ञको सहभागिता रहने पुरातत्त्व विभागका निमित्त वरिष्ठ पुरातत्त्व अधिकृत हिमाल उप्रेती बताउँछन् । सो क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रमाण जुटाउने उद्देश्यले विभागले पटक-पटक दुर्हाम विश्वविद्यालय बेलायत, संघीय सरकार र विज्ञको संलग्नतामा लुम्बिनी उत्खनन् गरेको थियो । आवश्यक प्रमाण संकलन भइसकेकाले छिट्टै सो क्षेत्र विश्वसम्पदा सूचीमा सूचीकृत हुने उप्रेतीको भनाइ छ ।

महत्त्वपूर्णस्थल भएर पनि लुम्बिनी आउने अधिकांश पर्यटक सो पवित्र स्थानमा पुगेका हुँदैनन् । यहाँ पर्याप्त पर्यटकीय पूर्वाधार छैनन् जसले गर्दा त्यहाँ पुग्ने पर्यटक पनि निराश भएर फर्कने गरेका छन् । तिलौराकोट आउने पर्यटक पश्चिमी र पूर्वीद्वार तथा मध्यमा रहेको राजप्रासाद अवलोकन गरी फर्कने गरेका छन् । तिलौराकोट दरबारबाट ७०० मिटरको दूरीमा धमनिहवा स्तूप छ । शुद्धोदन र मायादेवीको समाधिस्थल रहेको सो स्तूपबारे धेरैलाई थाहै छैन ।

**गोटिहवा**

तिलौराकोटबाट सात किलोमिटर दूरीमा नेपालमै जन्मेका क्रकुछन्द बुद्धको जन्मस्थान गोटिहवा छ । सो स्थानमा भाँचिएको अशोकस्तम्भ र प्राचीन स्तूपको भग्नावशेष छ । यहाँ लुम्बिनी प्रदेश सरकारले क्रकुछन्दको मूर्ति स्थापना गरे पनि उचित प्रचारप्रसार नहुँदा यहाँ पर्यटक पुग्ने गरेका छैनन् । यहाँ पुग्न पक्की सडक रहे पनि घुमफिर गरेर समय बिताउने वा आध्यात्मिक गतिविधि गर्ने पूर्वाधार नहुँदा आएका पर्यटक पनि छोटो समयमै फर्किने गरेका छन् ।

**निग्लिहवा**

नेपालमै जन्मेका अर्का बुद्ध कनकमुनिको जन्मस्थान निग्लिहवा तिलौराकोटदेखि नौ किलोमिटर दूरीमा पर्छ । यहाँ भाँचिएका अशोकस्तम्भका टुक्रा र निग्लिसागर पोखरी छन् । यस स्तम्भमा उत्कीर्ण गरिएको शिलालेखले कनकमुनि बुद्धको जन्म यस स्थलमा भएको तथ्य प्रमाणित गर्छ । यहाँ लुम्बिनी प्रदेश सरकारले कनकमुनिको मूर्ति स्थापना गर्नेबाहेक कुनै पर्यटकीय गतिविधि हुन सकेका छैनन् । पर्यटन पूर्वाधार नहुँदा यहाँ पर्यटक पुग्ने गरेका छैनन् । निग्लिहवादेखि नजिकै कनकमुनि बुद्धको गृहनगर अरौराकोट पर्छ जहाँ प्राचीन भग्नावशेष छन् ।

**सगरहवा**

हजारौं शाक्यहरूको नरसंहार गरिएको भनिएको सगरहवा तिलौराकोटदेखि आठ किलोमिटर दूरीमा रहेको यो स्थानमा हाल केही भग्नावशेष र एक पोखरी छ । डा. ए फुहररले सो स्थलमा सन् १८९७ मा उत्खनन् गरी बुद्धकालीन पुरावशेष तथा स्तूप निकालेका थिए । यहाँको पुरातात्त्विक सम्पदाको संरक्षणका लागि वनको क्षेत्रमा रहेको ५८ बिघा जग्गा विकास कोषको स्वामित्वमा ल्याउने काम भएको विभागका निमित्त वरिष्ठ पुरातत्त्व अधिकृत उप्रेती बताउँछन् । यस क्षेत्रमा सुरक्षा पर्खालसमेत लगाइएको छ ।

**निग्रोधाराम**

सिद्धार्थ बुद्धले ज्ञान प्राप्त गरी पहिलोपटक राजधानी आउँदा आफ्ना पिता शुद्धोधन र अर्की माता प्रजापति गौतमी, पत्नी यशोधरा तथा छोरा राहुललाई भेटघाट गरेको महत्त्वपूर्ण स्थल निग्रोधाराम हो । यो स्थल लुम्बिनीदेखि २८ किलोमिटर दक्षिण-पश्चिम तथा तिलौराकोटदेखि ६ किलोमिटर दूरीमा पर्छ । यहाँ पुरातात्त्विक एवं धार्मिक महत्त्वका तीन स्तूप तथा एक-एक पोखरी र इनार छन् ।

**देवदह**

बुद्ध जन्मस्थल लुम्बिनीदेखि ५७ किलोमिटर उत्तरपूर्वमा बुद्धको मावली देवदह छ । सो ठाउँ शाक्यमुनि बुद्धका आमा मायादेवी र प्रजापति तथा श्रीमती यशोधराको माइती गाउँको रूपमा परिचित छ । बुद्धको बाल्यकालसँग जोडिएको पुरातात्त्विक महत्त्वको क्षेत्रका रूपमा मानिएको सो स्थलको आवश्यक उत्खनन् हुन नसक्दा ओझेलमा परेको छ ।

**रामग्राम**

गौतमबुद्धको अस्तु राखिएको महत्त्वपूर्ण क्षेत्र रामग्राम नवलपरासीमा पर्छ । सदरमुकाम परासीदेखि तीन किलोमिटर दक्षिणमा पर्ने सो क्षेत्र ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिकस्थल हो । करिब ८० फिट चौडाइ, ९० फिट लम्बाइ र ३० फिट उचाइ भएको रामग्राम स्तूपमा गौतम बुद्धको महापरिनिर्वाण (मृत्यु) पश्चात् अस्तु राखिएको छ । बौद्ध

> **लुम्बिनी विकास कोषले लुम्बिनी क्षेत्रमा रहेका कपिलवस्तु र नवलपरासी/बर्दघाट सुस्तापूर्व र पश्चिमका बौद्ध गन्तव्यको विकास गर्नुपर्ने अवधारणा अघि सारेको छ । सुस्त गतिमा सम्पन्न हुन थालेको लुम्बिनी गुरुयोजना पूर्णतया सम्पन्न नहुँदै तयारी गरिएको अन्य गन्तव्यको गुरुयोजना निर्माण सफल होला वा नहोला भन्न सकिने अवस्था छैन । तथापि, एक दिन ती गन्तव्यलाई पनि लुम्बिनीजत्तिकै भव्य बनाउनुपर्ने आवश्यकता रहेको संस्कृतिविद्को भनाइ छ ।**

ग्रन्थानुसार बुद्ध महापरिनिर्वाण भएपछि अस्तु कसले लैजाने भन्ने विषयमा विवाद भएपछि वरपरका तत्कालीन आठ राज्य मगध, वैशाली, कपिलवस्तु, अल्लकप्प, वैप्दीप, पावा, कुशीनगर र रामग्रामलाई दिइएको थियो । पछि मगधका राजा अशोकले विशाल स्तूप निर्माण गर्ने भनी सबै राज्यको अस्तु संकलन गरे पनि रामग्राममा भने हात्ती र नागले सुरक्षा गरेको मान्यता छ ।

विकास कोष र रामग्राम नगरपालिकाले भौगर्भिक सर्वेक्षण गरेर रामग्रामको विकासका लागि गुरुयोजना तयार गरे पनि विनाबृहत् पुरातात्त्विक अनुसन्धान गुरुयोजना बनाइएकाले कार्यान्वयन हुन नसकेको पुरात्त्व अधिकृत उप्रेती बताउँछन् । उनका अनुसार स्तूप जसरी गोलो आकारमा गुरुयोजना तयार भएको र त्यसले ११७ बिघा क्षेत्रफल ओगटेको छ । सो ठाउँलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रमाण जुटाउने काम भइरहेको विकास कोषको भनाइ छ ।

बुद्ध जन्मस्थल लुम्बिनीको चर्चा भए पनि उनी जीवनसँग जोडिएका यी महत्त्वपूर्ण क्षेत्रबारे धेरै बौद्धमार्गी र पर्यटक अनभिज्ञ छन् । पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण भए पनि विकास कोषले यी क्षेत्रको विकासका लागि अझै योजना बनाउन सकेको छैन । अहिलेसम्म विकास कोष लुम्बिनीको विकास र प्रवर्द्धनमा केन्द्रित रहने पनि अबका दिनमा सबै बौद्ध क्षेत्रको विकासका लागि योजनाबद्ध ढंगले काम अघि बढाइने विकास कोषका सदस्य सचिव सानुराजा शाक्य बताउँछन् । लुम्बिनीसँग सम्बन्धित सात बौद्ध गन्तव्यलाई जोडेर काम अघि बढाइने उनको भनाइ छ । ***रासस***



**मतगणनास्थलको अवलोकन** | स्याङ्जाको वालिङ नगरपालिकाको मतगणना कार्यको डिजिटल माध्यमबाट अवलोकन गर्दै निर्वाचन अधिकृत उदवीर नेपाली । *तस्बिर : रासस*

# मतदान सकेर यार्सागुम्बा टिप्न खर्क उक्लिए मनाङवासी

■ नवीन लामिछाने



**मनाङ–** स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत मनाङमा मतदान र मतगणना कार्य सकिएको छ । यहाँको चार स्थानीय तहमा नयाँ जनप्रतिनिधि आइसकेका छन् ।

तर, मनाङवासीलाई भने स्थानीय तहको निर्वाचनसँगै औषधीजन्य जडिबुडी (यार्सागुम्बा) संकलनको चटारो परेको छ । उनीहरू मतदान सकिएपछि यार्सागुम्बा संकलन गर्न खर्क पुगेका छन् । स्थानीय तह निर्वाचनमा मतदान गर्न आफ्नो क्षेत्रमा पुगेका मनाङवासी मतदान कार्य सकेर खर्क पुगिसकेका हुन् । उनीहरू आइतबारदेखिनै यार्सागुम्बा संकलनमा आफुलाई व्यस्त बनाएका छन् ।

मतदान सकिएको भोलिपल्टै मनाङवासी खर्कतर्फ लागेका हुन् । उनीहरूको मुख्य आयस्रोत जंगली औषधीजन्य जडिबुटी यार्सागुम्बा नै हो । उनीहरू जडिबुटी संकलनका लागि नारफु, नाम्के खर्क, खाङ्सार खर्क अहिले पुगिसकेका हुन् ।

'स्थानीय तह निर्वाचनका लागि यार्सा टिप्न बन्द गरिएको थियो, मतदान पनि गरियो अब यार्सागुम्बा टिप्न खर्कतर्फ लागेका हौं', चामे गाउँपालिका-४ जगबहादुर गुरुङले भने । उनले मनाङको विकासको लागि जनप्रतिनिधि चुन्न खर्क छोडेर आएको र मतदानकार्य सकेर पुनःखर्कतर्फ फर्किएको बताए ।

त्यस्तै गोर्खा घर भई यार्सागुम्बा संकलन गर्न मनाङ पुगेका सोनाम गुरुङले 'सिजन'लाई समात्न सक्नुपर्ने भएकाले मतदानमा सहभागी भएर खर्कतर्फ लागेको बताए । 'समयमा नै यार्सागुम्बा संकलन गर्न सकिएन भने पछि हराउँछ, त्यही भएर आजभोलि खर्कतर्फ छिटो फर्किन लागेका छौं' उनले भने ।

स्थानीय तह निर्वाचनमा सहभागी गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय मनाङले गत बैशाख २५ देखि ३० गतेसम्म यार्सागुम्बा संकलनकार्य बन्द गराएको थियो । यार्सागुम्बा संकलन बन्द गरिएपछि जिल्लावासी आ-आफ्ना घरमा फर्किएका थिए । निर्वाचनमा सहभागी भएर पुनः यार्सागुम्बा संकलनका लागि उनीहरू खर्कतर्फ मतदान सकिएको भोलिपल्टै खर्क उक्लिएको स्थानीय बताउँछन् ।

विशेषगरी यो मौसम यार्सागुम्बा संकलन गरी घरमा ल्याएर सुरक्षित गर्ने समयको रूपमा लिइन्छ । यार्सागुम्बा संकलनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको गत चैत २३ गते बसेको बैठकले स्वीकृति पाएपछि समितिमार्फत पूर्जी दिने निर्णय भएको थियो । बैठकको निर्णय बमोजिम नै यार्सागुम्बा संकलन गर्न पाउने भएपछि मनाङवासीलाई चटारो परेको हो ।

यार्सागुम्बा संकलनका लागि जिल्लावासी मात्रै नभएर बाहिरी जिल्लाबाट पनि खर्क आउने गर्दछन् । निर्वाचनमा सहभागी भएर मनाङवासीहरू यार्सागुम्बा संकलन गर्न मनाङवासी खर्कतर्फ लागेको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बताए । उनका अनुसार यार्सागुम्बा संकलनमा निस्किएका मनाङवासीको सुरक्षाका लागि खर्कतर्फ पनि सुरक्षाको व्यवस्था गरिएको छ ।

यार्सागुम्बा संकलन गर्न पुर्जी काटिसकेका स्थानीय तथा बाह्य जिल्लाबाट आउने संकलनकर्तालाई सहज रूपमा खर्कतर्फ जान दिइएको आचार्यले बताए । यार्सागुम्बा संकलनकार्य नाम्केखर्कबाट शुरु भई नार, फु र माथिल्लो मनाङको खाङ्सार खर्कमा सकिने एक्यापका प्रमुख लेखनाथ गौतमले जानकारी दिए । उनका अनुसार आउँदो असारको पहिलो हप्तासम्म यार्सागुम्बा संकलन गर्न सकिने समय हो । बैशाख १५ देखि असारको पहिलो सातासम्म औषधीजन्य जडिबुटी संकलन गरी मनाङवासी बेंशीतर्फ फर्किनेछन् ।

यार्सागुम्बा संकलन अवधिभर नेपाल प्रहरीद्वारा आवश्यकता अनुसार नार, फुलगायतका अन्य स्थानमा सुरक्षा प्रबन्ध मिलाउने तथा अन्य सुरक्षा निकायले सहयोग गर्ने गौतमले बताए । उनका अनुसार यार्सागुम्बा संकलन गरेको परिचय पत्र सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समितिको सिफारिस तथा दस्तुर तिरेको रसिद र सम्बन्धित गाउँपालिकाको दस्तुर तिरेको रसिद लिएर आएमा मात्र छोडपूर्जी दिन अनुरोध गरिएको छ । यार्सागुम्बा पाइने क्षेत्रमा संकलन गर्न जाने संकलकहरूले १० वटा यार्सागुम्बा टिपिएकामध्ये एक वटा सोही स्थानमा छोड्नुपर्ने प्रावधान निर्धारण गरिएको छ ।

मनाङ बाहिरका यार्सागुम्बा तथा अन्य जडिबुटी संकलकहरू र खरिद गर्न आउने व्यक्तिहरूले अनिवार्य रूपमा कोभिड-१९ विरुद्धको खोप लगाएको परिचय पत्र (मोबाइलमा भएपनि खोपकार्ड) लिएर आउनुपर्ने र प्रहरी कर्मचारीले माग गरेको अवस्थामा देखाउनुपर्नेछ । यार्सागुम्बा तथा अन्य जडिबुटी संकलक तथा खरिदकर्ताले आवश्यक स्वास्थ्यका मापदण्ड अपनाउनसमेत अनुरोध गरिएको छ ।

गत दुई वर्ष यार्सागुम्बा तथा अन्य जडीबुटी संकलन र खरिद विक्री गर्न नसक्दा जिल्लाको राजश्व पनि घटेको जनाइएको छ । यसवर्ष भने सहजरूपमा जडीबुटी संकलन हुने भएकाले राजश्व बृद्धि हुने अपेक्षा गरिएको छ / *रासस*

# सेती नदीको खाँचबाट उद्धार

■ प्रभाव संवाददाता



**पोखरा–** पोखरा महानगरपालिका-७ घारिपाटनस्थित सेती नदिको किनारमा एक जना पुरुष खसेको सुचना पाएपछि प्रहरीले उद्धार गरेको छ ।

प्युठान जिल्ला, गौमुखी गाउँपालिका-३ घर भई हाल पोखरा महानगरपालिका-१५ स्थित नयाँ गाउँ बस्ने, वर्ष ३२ को बिशाल थापा मगर माछा मार्ने क्रममा चिप्लिएर सेती नदिको खोंच (करिब २०/२५ मिटर तल) मा फसेको अवस्थामा नेपाली सेनाले उद्धार गरेको हो । नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सहयोगमा, विशेष ईक्युप्मेण्टबाट रोप बनाई च्याप्लिङ्ग गरी उद्धार गरेको छ । मगर चिप्लिएर खोँचमा खस्दा उनको दाहिने खुट्टा भाँचिएको छ । नेपाली सेनाको मेडिकल टिमबाट प्राथमिक उपचार गरी, थप उपचारको लागि पोखरास्थित पश्चिमाञ्चल क्षेत्रिय अस्पतालमा लगिएको छ ।

गत बिहिबार धनगढीबाट बाजुरातर्फ जाँदै गरेको सुदुर पश्चिम प्रदेश ०१-००१ ख ३१०८ नम्बरको यात्रु बाहक बस डोटी जिल्ला, पूर्वीचौकी गाउँपालिका-४ स्थित सानागाउँ ईलाका प्रहरी कार्यालयबाट करिब १०० मिटर अगाडि, सडकबाट २० मिटर तल खसी, दुर्घटना भएको खबर प्राप्त भएपश्चात नेपाली सेनाको टोली परिचालन भई नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सहयोगमा उद्धार कार्य गरेको थियो ।

# पर्वतमा १५ वटा वडाको मत गणना सम्पन्न

■ प्रभाव संवाददाता

**पर्वत–** पर्वतमा १५ वटा वडाको मत परिणाम सार्वजनिक भएको छ । मत परिणाम सार्वजनिक भएका १५ वडामध्ये नेकपा एमालेले १३ र गठबन्धन २ वटा वडामा विजयी भएको छ । सार्वजनिक भएको मत परिणामअनुसार जलजला गाउँपालिकाका वडा नम्बर १, २, ३ र ४ मा एमालेका उम्मेदवारले जीत हात पारेका छन् । तीमध्ये एमाले तीनवटा वडामा प्यानलसहित विजयी भएको छ ।

यस्तै, महाशीला गाउँपालिकामा ३ वटा वडामा पनि एमाले विजयी भएको छ । महाशीला गाउँपालिकाका वडा नम्बर १, २ र ३ मा एमालेका उम्मेदवार प्यानलसहित विजयी भएका छन् । बिहादी गाउँपालिका १ मा पनि एमालेको सिंगो प्यानल विजयी भएको छ । उता फलेवास नगरपालिकाका ३ वटा वडाको मत परिणाम सार्वजनिक हुँदा २ वटा वडामा एमालेले जित हासिल गरेको छ । फलेबास नगरपालिका वडा २ र ११ मा पनि एमाले विजयी भएको छ । फलेबासको वडा नमबर १ मा भने कांग्रेसका उम्मेदवार विजयी भएका छन् ।

यता पैंयु गाउँपालिकामा ३ वटा वडाको मत परिणाम सार्वजनिक भएको छ । पैंयु गाउँपालिका १ मा कांग्रेसका उम्मेदवार विजयी भएका छन् भने वडा नम्बर २ र ३ मा पनि एमालेले नै जित हात पारेको हो ।

यस्तै, मोदी गाउँपालिकामा वडा न १ मा एमालेका उम्मेदवार विजयी भएका छन् ।

# लागुऔषधसहित पक्राउ

**पर्सा(प्रस)–** वीरगञ्ज महानगरपालिका-१६ इनर्वागाउँबाट नियन्त्रित लागुऔषध फेनारगन ३९ एम्पुल, डाईजेपाम १ एम्पुल र नुफिन ३९ एम्पुलसहित चितवन पिपले गाउँपालिका-४ बस्ने २१ वर्षीय नवराज डल्लाकोटीलाई आइतबार प्रहरीले पक्राउ ग रेको छ । अस्थायी प्रहरी पोष्ट इनर्वागाउँबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## स्वतन्त्र उम्मेदवार...

पृष्ठ १ बाट जारी

कांग्रेसकी उम्मेदवार टोपेन्द्रकुमारी खड्काले ३५१ र एमालेका उम्मेदवार पूर्णबहादुर वलीले ३३४ मत पाए ।

बागी उम्मेदवारी दिएको भन्दै वलीलाई कांग्रेसले कारबाही गरेको थियो । नेपाली कांग्रेसले टिकट नदिएपछि वलीले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए । उक्त वडा नेपाली कांग्रेस दाङका जिल्ला सभापति शंकरप्रसाद डाँगीको वडा हो । टिकट वितरणमा असन्तुष्टि जनाएर स्वतन्त्र उम्मेदवारी दर्ता गराएका वलीले राजनीतिमा युवाको सहभागिता बढाउनुपर्ने र जनताको सेवकका रूपमा भएर काम गर्ने भन्दै प्रचार गरेका थिए ।

यस्तै, ललितपुर महानगरपालिका-१ मा पनि स्वतन्त्र उम्मेदवार विजयी भएका छन् । स्वतन्त्र उम्मेदवार निर्मल तण्डुकारले ६६१ मत ल्याएर एमालेका दिनेश तण्डुकार र कांग्रेसका ध्रुवलाल तण्डुकारलाई पराजित गरेका हुन् । दिनेश र ध्रुवलालले क्रमशः ३४१ र ४२५ मत ल्याएका थिए । हालसम्म कांग्रेसले तीन वटा वडामा जित हासिल गरेको छ भने माओवादी केन्द्र र एमालेले एक/एक वटा वडा जितेका छन् ।

यसैगरी, दैलेखको भैरवी गाउँपालिका-४ को वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार चक्रप्रसाद शर्मा निर्वाचित भएका छन् । उनले ५८० मत प्राप्त गर्दै विजयी भएको भैरवीका निर्वाचन अधिकृत चन्द्रदेव भारतीले बताए । नेपाली कांग्रेसका कमलबहादुर थापाले ४३८ र माओवादी केन्द्रका दीपक विकले ७१ मत प्राप्त गरेका छन् ।

उता, महोत्तरीको बर्दिवास नगरपालिका-७ मा पनि स्वतन्त्र उम्मेदवार राम स्वगारथ यादव विजयी भएका छन् । उनले ७२७ मत ल्याउँदै विजय हासिल गरेका हुन् । निर्वाचन अधिकृतको कार्यालय बर्दिवासका अनुसार यादवले निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका सुरेन्द्रकुमार सिंहलाई एक मतले पछि पार्दै जित हात पारेका हुन् ।

सुरेन्द्रले ७२६ मत प्राप्त गरेको निर्वाचन अधिकृत भूपेन्द्र सापकोटाले जानकारी दिए । यादवलाई मेयरका स्वतन्त्र उम्मेदवार प्रल्हाद क्षेत्रीको पनि सहयोग थियो ।

### जहाँ स्वतन्त्रको अग्रता छ

देशको सबैभन्दा धेरै मतदाता रहेको काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवारले अग्रता लिइरहेका छन् । आइतबार राति ११ बजेसम्मको मतपरिणाम अनुसार स्वतन्त्र उम्मेदवार बालेन शाहको मत एमालेका केशव स्थापित र कांग्रेसकी सिर्जना सिंहले पाएको मतभन्दा बढी छ । शाहले चार हजार ३६५ मतसहित अग्रता कायम राखेका छन् भने स्थापितले दुई हजार ३०३ मत पाएका छन् । यस्तै, कांग्रेसकी सिंहले दुई हजार ६७ मत ल्याएकी छन् ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवार मनोजकुमार शाह सुडीकै अग्रता छ । उनले एक हजार ३७० मतका साथ अग्रता लिइरहेका छन् । सुडीलाई पछ्याइरहेका एमालेका शिवशंकर शाहले ६१६ मत ल्याएका छन् । उपमेयरमा कांग्रसका किशोरी शाह एक हजार ४५४ मतसहित अग्रस्थानमा छन् भने उनलाई रुणादेवी झाले ७१७ मतसहित पछ्याइरहेकी छिन् ।

उता कैलालीको धनगढी उपमहानगरपालिकाको मेयरमा पनि स्वतन्त्र उम्मेदवार गोपाल हमालले अग्रता लिएका छन् । उनले एक हजार ४७२ मतका साथ 'लिड' गरिरहेका छन् । हमाललाई पछ्याइरहेका नेपाली कांग्रेसका नृपबहादुर वडले ८६३ मत ल्याएका छन् । अघिल्लो निर्वाचनमा पनि वड र हमालकै प्रतिस्पर्धा भएको थियो । त्यतिबेला वडले १४ हजार ३२४ मत ल्याएर मेयर निर्वाचित भएका थिए भने निकटम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार हमालले ११ हजार ५२७ मत पाएका थिए ।

धनगढीको उपमेयरमा भने नेकपा माओवादी केन्द्रकी शान्तिकुमारी अधिकारी ७३८ मतसहित अगाडि छन् । स्वतन्त्र उम्मेदवार प्रभाकर भण्डारी ५११ मतसहित दोस्रो स्थानमा छन् ।


**श्री भगवती सामुदायीक वन उपभोक्ता समुह रौतामाई गाँउपालिका ७ उदयपुरको समूह बाहिर काठ बिक्रि संबन्धि सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रूपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको सल्लो काठ गोलिया थान ४६ को ६५२.२० क्युफिट, खयर काठको गोलिया ९४७ थानको ५१६.५ क्युफिट समुह बाहिर जे-जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : WALDORF ASTORIA LUSAIL HOTEL

पूर्व स्वीकृति मिति २०७९/०१/२२ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०२/०१ | LT. No.262724 | चलानी नं.६०१७४६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 25 | 25 | 1000 | ३३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services | 25 | 20 | 1800 | ६१,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ९ गते (23rd May 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com

Website : www.lefrn.com

प्रभाव दैनिक

## बंगाली टिभी अभिनेत्री पल्लवीको निधन

बंगाली टिभी अभिनेत्री पल्लवी डेको निधन भएको छ । कोलकातामा बंगाली टिभी नायिका पल्लवी डेको शव झुण्डिएको अवस्थामा फेला परेको छ । उनको शव आइतबार बिहान भेटिएको हो । प्रहरीका अनुसार प्राथमिक छानबिनपछि यो आत्महत्या मामिला बताइँदै छ ।



सोमबार, २ जेठ २०७९ (Monday, May 16, 2022)

# मास्टरसेफ शाहमाथि फिल्म बन्दै



**काठमाडौं (प्रस)–** 'बीबीसी मास्टरसेफ प्रोफेसनल्स २०२१' का उपविजेता सन्तोष शाहमाथि फिल्म निर्माण हुने भएको छ । निर्देशक दीपक रौनियारले उनको जीवनमाथि फिल्म बनाउने भएका हुन् । निर्देशक रौनियारले शाहमाथि फिल्म बन्न लागेको जानकारी दिए ।

शाहको जीवनका संघर्ष र हासिल गरेको सफलता धेरैका लागि प्रेरणादायक हुने भएकाले फिल्म बनाउने जमर्को गरेको उनको भनाइ छ । फिल्मका लागि मास्टरसेफ शाहसँगको संवाद सकिएको र स्क्रिप्ट लेखनका लागि काम भइरहेको रौनियारको भनाइ छ । १५ वर्षको उमेरमा भारतको गुजरातमा काम गर्न गएका सन्तोषले त्यहाँ विभिन्न होटेलहरूमा १० वर्ष भाँडा माझ्ने काम गरेका थिए । त्यसपछि सन् २०१० को अन्त्यमा बेलायत हानिएका उनी अहिले सिनामोन ग्रूपमा हेड सेफको रूपमा कार्यरत छन् । नेपाली परिकारलाई विश्वमाझ चिनाउने अभियानमा रहेका मास्टरशेफ शाहलाई नेपाल सरकारले पर्यटन दूतमा समेत नियुक्त गरेको छ ।

निर्देशक रौनियारले आफ्नो पाइपलाइनमा रहेको फिल्म 'द स्काइ इज माइन'को छायांकन पूरा गरेपछि सन्तोष शाहको जीवनीमा फिल्म बनाउनेछन् । रौनियारले यसअघि फिल्म 'सेतो सूर्य' को निर्देशन गरेका थिए । 'द स्काइ इज माइन'मा भारतकी अभिनेत्री तनिष्ठा चटर्जीको मुख्य भूमिका रहनेछ भने आशा मगराती र दयाहाङ राईको पनि अभिनय देख्न सकिन्छ ।

# आइफा अवार्ड-२०२२ स्थगित

■ प्रभाव संवाददाता

**मुम्बई–** बलिउडको प्रतिष्ठित अवार्ड 'आइफा अवार्ड २०२२' स्थगित भएको छ । युएईको अबु धाबीमा २०-२१ मे २०२२ मा हुने भनिएको अवार्ड संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति शेख खलिफा बिन जायद अल नाह्यानको निधनका कारण स्थगित गरिएको हो ।

राष्ट्रपति शेखको निधनको कारण युएईमा ४० दिने शोकको घोषणा भएको छ । अब अवार्ड १४ देखि १६ जुलाईमा आयोजना हुने आयोजकले जनाएको छ । राष्ट्रपति शेखको शुक्रबार निधन भएको थियो । राष्ट्रपति शेखको निधनमा ४० दिने राष्ट्रिय बिदाको अलवा झण्डा आधा झुकाइएको छ ।

आइफा यस आइल्याण्डमा आयोजना कार्यक्रम थियो । यस पटक अवार्डमा छायांकन, पटकथा, संवाद, सम्पादन, कोरियोग्राफी, साउन्ड डिजाइन, साउन्ड मिक्सिङ, ब्याकग्राउन्ड स्कोर र स्पेशल इफेक्ट (भिजुअल) गरी ९ विधा समावेश गरिएको छ । कार्यक्रम संस्कृति तथा पर्यटन विभाग - अबुधाबी (डीसीटी) को सहकार्यमा आयोजना हुन लागेको हो ।

बलिउड सुपरस्टार सलमान खान, रितेश देशमुख, मनीष पोल, रणवीर सिंह, कार्तिक आर्यन, सारा अली खान, वरुण धवन, अनन्या पाण्डे, दिव्या खोसला कुमार र नोरा फतेही कार्यक्रम सहभागी हुने तय भएको थियो ।

आइफा बलिउडका सबैभन्दा ठूला निर्माता- निर्देशक करण जौहर र अभिनेत्री परिणिती चोपडाको आयोजनामा हुन लागेको थियो ।




# बन्धु र दाहाललाई दधिराज सुवेदी पुरस्कार



■ प्रभाव संवाददाता

**काठमाडौं–** दधिराज सुवेदी पुरस्कार प्रतिष्ठानद्वारा आज यहाँ आयोजित पुरस्कार तथा सम्मान समर्पण समारोहमा भाषा, साहित्य र पत्रकारिता क्षेत्रका दुई स्रष्टा पुरस्कृत भएका छन् ।

भाषा र साहित्य क्षेत्रमा रु ५१ हजार राशिबाट पुरस्कृत हुने प्राडा चुडामणि बन्धु छन् भने पत्रकारिता क्षेत्रबाट रु २५ हजार राशिबाट पुरस्कृत हुने पत्रकार भुषण दाहाल छन् ।

भाषा, साहित्य र सामाजिक क्षेत्रमा अहोरात्र योगदान दिने प्राज्ञ: दधिराज सुवेदीको सुपुत्र पत्रकार शरदराज सुवेदी र अर्का छोरा रूपेश सुवेदीले संयुक्त रूपमा रु १५ लाखको अक्षय कोष स्थापना गरी बर्सेनि पुरस्कार वितरण गर्दै आएको प्रतिष्ठानका अध्यक्ष विवश पोखरेलले जानकारी दिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले पुरस्कृत स्रष्टालाई पुरस्कार तथा सम्मानपत्र प्रदान गर्दै नेपाली समाजलाई रूपान्तरण गर्न भाषा, साहित्य र पत्रकारिता क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताए । उनले भाषा, साहित्य, कला र पत्रकारिताविनाको समाज निरश हुने भएकाले समाजलाई सौन्दर्य बनाउन यस क्षेत्रको योगदान सराहनीय रहेको उल्लेख गरे ।

कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य महेश रेग्मी, पुरस्कृत स्रष्टाद्वय प्राडा चुडमाणि दाहाल र पत्रकार भुषण दाहालले भाषा साहित्यको महत्वबारे प्रकाश पारे ।

## रंगशाला

### नेपाल-युगान्डा टी-२० शृंखला

# घरेलु मैदानमा पहिलो शृंखला खेल्दै महिला टिम



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय महिला क्रिकेट टिमले पहिलो पटक घरेलु मैदानमा टी-२० अन्तरराष्ट्रिय शृंखला खेल्दैछ । जसका लागि नेपालले अफ्रिकन राष्ट्र युगान्डालाई आतिथ्य प्रदान गरेको छ ।

कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा हुने पाँच खेलको शृंखला लागि युगान्डा टिम नेपाल आइसकेको छ । नेपाल युगान्डाबीच आज (सोमबार) खेल हुँदैछ ।

प्रशिक्षक जगत टमटाको प्रशिक्षणमा रहेको नेपाली टिमको कप्तानी रुबिना क्षेत्रीले गर्नेछिन् । जुन टिममा केही अनुभवी खेलाडी रहँदा धेरै खेलाडी भने युवा छन् । जो अवसरको खोजीमा छन् ।

सन् २००७ मा मलेसियामा भएको एसीसी महिला च्याम्पियनसिपबाट नेपाली महिला क्रिकेट टिमको अन्तरराष्ट्रिय क्षेत्रमा उदय भएको थियो । त्यसयता, नेपाली टिमले घरेलु मैदानमा आयोजना भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) खेल्यो । जहाँ कास्य पदक जितेको थियो ।

नेपाली टिमका प्रशिक्षक जगत टमटा खेलाडी पहिलो पटक घरेलु मैदानमा अन्तरराष्ट्रिय शृंखला खेल्न आतुर रहेको बताउँछन् । यस्तै, उनी घरेलु मैदानमा खेल्न युवा खेलाडीलाई 'च्यालेन्ज' हुने समेत जनाउँछन् । 'घरेलु मैदानमा खेल्न आतुर छन् । युवा खेलाडी समेत रहेकाले आफ्नै मैदानमा खेल्न 'च्यालेन्ज' पनि छ ।' पुरुष टिमको प्रशिक्षक समेत रहेका टमटा भन्छन् ।

टमटा युवा खेलाडीलाई अवसर दिँदा भविष्यमा धेरै खेलाडी आउने समेत बताउँछन् । 'युवा खेलाडी निकै क्षमतावान छन् । यस्ता खेलाडीले अवसर पाउँदा पछि टिम बनाउन समेत सहज हुनेछ । यो एउटा शृंखला हैन । वर्षमा यस्ता ५-६ शृंखला भए राम्रो टिम र धेरै खेलाडी बनाउन सकिन्छ ।'

प्रशिक्षक टमटाले शृंखलाको लागि १६ सदस्यीय टोली घोषणा गरेका छन् । जसमा अस्मिना कर्माचार्य र हिरणमयी रोयले पहिलो पटक टोलीमा स्थान बनाएका हुन् । बागमती प्रदेशको कप्तानी गर्दै आएकी तीव्र गतिकी बलर अस्मिना बन्द प्रशिक्षणमा रहे पनि पहिलो पटक स्थान बनाएकी हुन् । यता, यु-१९ प्रतियोगितामा राम्रो प्रदर्शन गरेकी लेग स्पिनर हिरणमयी रोय पहिलो अवसरमै टोलीमा स्थान बनाएकी छन् ।

यसअघि नेपालले पहिलो अन्तरराष्ट्रिय टी-२० शृंखला कतारविरुद्ध गत मंसिरमा खेलेको थियो । कतार भ्रमण क्रममा खेलिएको शृंखला नेपालले 'क्लिन स्विप' गरेको थियो । प्रशिक्षक टमाटा दुवै टोलीको स्तर उस्तै रहेकाले खेल प्रतिस्पर्धात्मक हुने बताउँछन् । हाल नेपाल आईसीसी टी-२० वरियतामा १६औं स्थानमा छ भने युगान्डा १९औं स्थानमा छ । 'युगान्डा र हाम्रो स्तर बराबर छ । दुवैमा युवा खेलाडीको सम्मिश्रण छ । खेल प्रतिस्पर्धात्मक हुन्छ ।' टमटा भन्छन् ।

नेपाल र युगान्डाबीचको अर्को खेल ३ जेठमा दोस्रो, ५ जेठमा तेस्रो, ६ जेठमा चौथो र अन्तिम तथा पाँचौं ७ जेठमा हुने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ ।

यता, नेपाली टिमकी सदस्य ईन्दु बर्मा टिमको तयारी राम्रो भएको र यस्ता शृंखला खेलाडीको लागि क्षमता प्रदर्शन गर्न आधार रहने बताउँछिन् । 'तयारी राम्रो छ । यस्तो शृंखला हुँदै गए महिला टिम राम्रो हुँदै जानेछ र यसरी खेल्न पाए क्षमता देखाउने छौं ।' क्यानले उक्त खेल हेर्नका लागि दर्शकलाई टिकट काट्नु नपर्ने बताएको छ ।

**नेपाली टोली**

रुबिना क्षेत्री (कप्तान), सिता राना मगर, ईन्दु बर्मा, ज्योति पाण्डे, काजल श्रेष्ठ, कविता कुँवर, अप्सरी बेगम, कविता जोशी, डोली भट्ट, अस्मिना कर्माचार्य, संगीता राई, सबनम राई, रोमा थापा, सरिता राना मगर, हिरणमयी रोय, बिन्दु रावल ।

# नेपाल व्यायाम मन्दिरको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** शारीरिक सुगठनको सबैभन्दा पुरानो संस्था नेपाल ब्यायम मन्दिरले १६औं धर्मश्रीका बारेमा विभिन्न सञ्चार माध्यममा आएको समाचारप्रति ध्यानाकर्षण भएको जनाएको छ । आइतबार व्यायम मन्दिरका अध्यक्ष नारायण प्रधानले एक विज्ञप्ति जारी गर्दै मन्दिरको बदनाम गर्ने उदेश्यले आयोजकलाई निवेदन नदिइ गलत प्रचारप्रसार गरिएको बताए ।

'नेपाल व्यायम मन्दिरको आयोजनामा २३ र २४ वैशाखमा आयोजना भएको १६औं धर्मश्रीअन्तर्गत प्रथम पुरुष तथा महिला फिजिक्समा भएको निर्णय प्रति असन्तुष्ट भई केही व्यक्तिहरूमार्फत विभिन्न सञ्चार माध्यममा गरिएको समाचारप्रति नेपाल व्यायम मन्दिरको ध्यानाकर्षण भएको छ ', विज्ञप्तिमा भनिएको छ ।

यसअघि प्रतियोगिता समापनको भोलिपल्ट सहभागी खेलाडीले पत्रकार सम्मेलन गर्दै आयोजकले आफ्ना खेलाडीलाई जिताउन धाँधली गरेको र खेलाडीप्रति अपहेलित व्यवहार गरेको आरोप लगाएका थिए ।

पत्रकार सम्मेलनमा सागर बिक, गोपाल लिम्बू, अवतार श्रेष्ठ, विशु राम केसी, अनुज मास्के, सनम मुलगुठी, पुजा श्रेष्ठ, विनिता राईलगायतको सहभागिता थियो ।

प्रतियोगितामा झापाका उमेश राईले १६औं धर्मश्रीको उपाधि जितेका थिए । एनआरके फिटनेसका राईले झापा ग्यालेक्सी फिटनेशका ललित धिमाललाई पछि पार्दै १० लाख पुरस्कार प्राप्त गरेका हुन् । यस्तै, धिमाल दोस्रो हुँदा कृष्णबहादुर सूर्यवंशी तेस्रो भए ।

# कार दुर्घटनामा क्रिकेटर साइमन्डको निधन



■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियाका पूर्वक्रिकेटर एन्ड्रियु साइमन्डसको कार दुर्घटनामा परि ४६ वर्षको उमेरमा निधन भएको छ । अलराउन्डर साइमन्डसले सन् १९९८ देखी २००९ सम्म अस्ट्रेलियाबाट २६ टेस्ट, १९८ एक दिवसीय र १४ टी- ट्वान्टी अन्तर्राष्ट्रिय खेल खेलेका थिए ।

अस्ट्रेलियाले दुई पटक एक दिवसीय विश्वकप र सन् २००६-७ मा इङ्ल्यान्डविरुद्धको एसेस शृंखला जित्दा उनी टोलीका प्रमुख सदस्य थिए । साइमन्डसले एक दिवसीयतर्फ १९८ खेलमा ३९ दशमलव ७५ को औसतमा पाँच हजार ८८ रन प्रहार गर्नुका साथै १३३ विकेट लिएका थिए ।

यसै वर्ष अस्ट्रेलियाका पूर्वस्पिनर सेन वार्न र विकेटकिपर रड मार्सको पनि निधन भएको थियो ।



आइतबार वेशाक पर्वको अवसरमा श्रीलंकाको कोलम्बोस्थित मन्दिरमा प्रार्थना गर्दै बौद्ध भक्तहरू । श्रीलंका सरकारले त्यहाँ जारी गरेको देशव्यापी कफ्र्यु बौद्ध धर्मावलम्बीहरूको चाड मनाउन आइतबारको लागि हटाएको छ । *तस्बिरः एएफपी*

# न्युयोर्कमा गोली प्रहारबाट १० जनाको ज्यान गयो

**न्युयोर्क–** अमेरिकाको न्युयोर्क राज्यको बफेलोमा भएको गोली काण्डमा परेर १० जनाको ज्यान गएको छ । प्राप्त समाचारमा यहाँको सुपरमार्केटमा शनिबार अपराह्न गोली चलेको हो । गोली लागेर अरू केही घाइते पनि भएका छन् ।

अमेरिकी समाचार समिति एसोसियटेड प्रेस (एपी)का अनुसार शनिबार अपराह्नमा एक जना व्यक्ति सरासर सो सुपरमार्केटमा प्रवेश गरेर गोली चलाएका थिए । सैनिकको पोसाकमा आएका एक युवकले गोली हानेको बताइएको छ । ती व्यक्तिले सो सुपरमार्केटमा रहेका कर्मचारीमाथि अन्धाधुन्ध गोली चलाएका थिए ।

बफेलोका प्रहरी विभागका प्रमुखले गोली चलाउने व्यक्तिलाई नियन्त्रणमा लिइएको जनाएका छन् । उनले गोली प्रहार गरी हत्या गर्ने ती व्यक्तिलाई नियन्त्रणमा लिइएको ट्वीटरमार्फत् जानकारी दिएका हुन् ।

**आतंकवाद अन्त्य गर्न राष्ट्रपति बाइडेनको आह्वान**

यसैबीच
अमेरिकी राष्ट्रपति जो बाइडेनले बफेलोको एक सुपरमार्केटमा भएको गोलीकाण्डमा मारिएका १० व्यक्तिका परिवारप्रति समवेदना व्यक्त गर्दै 'घरेलु आतंकवाद अन्त्य गर्न सबै प्रयास' गर्न आह्वान गरेका छन् ।




ह्वाइट हाउसद्वारा जारी विज्ञप्तिमा बाइडेनले भनेका छन्, 'हामी १० व्यक्तिको परिवारका लागि शोकाकुल छौं जसको जीवन मूर्खतापूर्णरूपमा लिइयो र सबैजना जसले शारीरिक र भावनात्मक पीडा भोगिरहेका छन् । हामी कानुन प्रवर्तनका सदस्य र अन्य पहिलो प्रतिक्रियाकर्ताको बहादुरीका लागि कृतज्ञ छौं जसले जीवन बचाउन तुरुन्तै कदम चालेका छन् । प्रथम महिला र म पीडित र तिनका परिवारका लागि प्रार्थना गरिरहेका छौं । यस देशका सबै हृदय बफेलोका जनतासँग छन् ।'

'घरेलु आतंकवादको कुनै पनि कार्य, घृणित संकुचित राष्ट्रवादी विचारधाराको नाममा गरिएको कार्यसहित हामी त्यस्ता कुराको विरोधी हौं । घृणाको कुनै सुरक्षित बन्दरगाह हुनु हुँदैन । हामीले घृणाले उत्तेजित घरेलु आतंकवादको अन्त्य गर्न आफ्नो शक्तिमा सबै गर्नुपर्दछ,' उनले थपे ।

सामूहिक गोलीबारी संयुक्त राज्य अमेरिकामा एक बढ्दो चिन्ताजनक समस्या हो । *एजेन्सी*

# कोभिड नियन्त्रणका लागि उत्तर कोरियामा कडा मापदण्ड

**प्योङयाङ–** उत्तर कोरियाले कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि निकै कडा मापदण्ड लागू गरेको छ । सो मापदण्डअनुसार यहाँ देशव्यापीरूपमा लकडाउन गरिएको छ ।

यहाँका नागरिकलाई घरबाट बाहिर निस्किन दिइएको छैन । तर पछिल्ला केही दिनयता ज्वरोका बिरामी बढेकाले उनीहरूको उपचारमा भने स्वास्थ्यकर्मी परिचालन गरिएको बताइएको छ ।

यहाँ शनिबार 'ज्वरो' बाट थप २१ को मृत्यु भएको बताइएको थियो । उत्तर कोरियालमा पछिल्ला केही दिनमा ज्वरोका बिरामी बढेका पाइएको छ । ती ज्वरोका बिरामीमा कोभिड भएको आशंका पनि गरिएको छ । यहाँ कोभिड-१९ को पहिलो घटना पुष्टि भएको दुई दिनपछि देशव्यापीरूपमा पाँच लाखभन्दा बढी मानिस बिरामी परेको बताएको छ ।

उत्तर कोरियाली जनस्वस्थ्य मन्त्रालयको संयोजनमा ती ज्वरोका बिरामीको उपचारका काम भएको छ । यहाँ ज्वरो आउने बिरामीको संख्या बढ्दै गएको पनि बताइएको छ । ती



ज्वरोका बिरामीमा कोभिडको संक्रमण भएको आशंका गरिएकाले उपचारमा पनि सतर्कता अपनाइएको बताइएको छ । यहाँका नागरिकले कोभिडविरुद्धको खोप लगाइएको छैन ।

यहाँ खोप नलगाएका मानिस रहेकाले ज्वरोले थलिएका भनिएका यी मानिसमा पनि कोभिडको संक्रमण भएको हुनसक्ने आशंका गरिएको छ ।

उत्तर कोरियाको राजधानीमा अत्यधिक संक्रामक ओमिक्रोन भेरियन्ट पत्ता लागेका बिहीबार पुष्टि भएको थियो । त्यहाँ नेता किम जोङ उनले राष्ट्रव्यापीरूपमा लकडाउन गर्न आदेश दिएअनुसार देशव्यापीरूपमा लकडाउन भइरहेको बताइएको छ ।

**ज्वरोबाट थप १५ को मृत्यु**

उत्तर कोरियाले आइतबार 'ज्वरो' बाट थप १५ को मृत्यु भएको घोषणा गरेको छ । उनीहरूलाई कोभिड भएको आशंका पनि गरिएको छ ।

राज्यको आधिकारिक समाचार समिति केसिएनएले आइतबार प्रकोप सुरु भएदेखि ४२ को मृत्यु भएको बताएको छ । जसमा आठ लाख २० हजार ६२० ज्वरो देखिएको तीमध्ये तीन लाख २४ हजार ५५० चिकित्सा उपचार प्राप्त गरेपछि निको भएका बताइएको छ ।

यहाँ कोभिड-१९ को पहिलो घटना पुष्टि भएलगत्तै नेता किम जोङ उनले राष्ट्रव्यापीरूपमा लकडाउन गर्न आदेश दिएका छन् । *रासस/सिन्ह्वा*

## 'युरो भिजनको जित युक्रेनको लागि अपार सार्वजनिक समर्थन'

**बर्लिन–** युरोभिजन गीत प्रतियोगितामा युक्रेनको जितले रुसविरुद्धको लडाइँमा देशको लागि ठूलो जनसमर्थन देखाएको नाटोका उपमहासचिवले आइतबार बताएका छन् । 'म युक्रेनलाई युरोभिजन प्रतियोगिता जितेकोमा बधाइ दिन चाहन्छु र यो मैले हल्का तरिकाले गरिरहेको कुरा होइन किनभने हामीले हिजो युक्रेनको बहादुरीका लागि युरोप र अस्ट्रेलियामा ठूलो जनसमर्थन देखेका छौं,' मिर्सिया जियोआनाले भने । *रासस/एएफपी*


## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ARAB UNION COMPANY FOR OPERATION AND MAINTENANCE

पुर्व स्वीकृति मिति :२०७८/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०२/०१ | LT. No.261112 | चलानी नं.६०१७७५०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 50 | 0 | 1000 | ३२,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolding | 10 | 0 | 1400 | ४६,१५० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००/-

कम्पनी :CAPITOL PROJECT MANAGEMENT SERVICES WLL

पुर्व स्वीकृति मिति :२०७८/१०/१० | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०२/०१ | LT. No.256673 | चलानी नं.६०१७३३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 5 | 0 | 1100 | ३७,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1100 | ३७,३५५ | | | | | | | |
| 3 | Technician | 5 | 0 | 1100 | ३७,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ९ गते (23rd May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 41151191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.np



## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी AL BAKER TRADING COMPANY

पुर्व स्वीकृति मिति :२०७८/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०२/०१ | LT. No. 255276 | चलानी नं.६०१५४४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 8 | 0 | 1000 | ३३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL JAHRA COPTHORNE HOTEL & RESORT

पुर्व स्वीकृति मिति :२०७८/११/०३ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०२/०१ | LT. No. 257621 | चलानी नं.६०१६३८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 3 | 2 | 200 | ८०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bell Boy | 3 | 2 | 110 | ४४,३०० | | | | | | | |
| 3 | Commis (Butchery) | 3 | 2 | 120 | ४८,३२५ | | | | | | | |
| 4 | Commis (Cold Kitchen) | 3 | 2 | 120 | ४८,३२५ | | | | | | | |
| 5 | Commis (Hot Kitchen) | 3 | 2 | 120 | ४८,३२५ | | | | | | | |
| 6 | Commis (Pastry Kitchen) | 3 | 2 | 120 | ४८,३२५ | | | | | | | |
| 7 | Driver Heavy | 2 | 0 | 180 | ७२,४९० | | | | | | | |
| 8 | Driver Light | 2 | 0 | 150 | ६०,४०५ | | | | | | | |
| 9 | F&b Executive | 1 | 1 | 180 | ७२,४९० | | | | | | | |
| 10 | Hk Attendant | 10 | 10 | 120 | ४८,३२५ | | | | | | | |
| 11 | Hvac Technician | 2 | 0 | 200 | ८०,५४० | | | | | | | |
| 12 | Kitchen Equipment Technician | 2 | 0 | 200 | ८०,५४० | | | | | | | |
| 13 | Laundry Attendant | 5 | 5 | 100 | ४०,२७० | | | | | | | |
| 14 | Laundry Equipment Specialist | 2 | 0 | 200 | ८०,५४० | | | | | | | |
| 15 | Life Guard | 2 | 0 | 130 | ५२,३५० | | | | | | | |
| 16 | Pastry / Bakery | 1 | 0 | 150 | ६०,४०५ | | | | | | | |
| 17 | Plumber | 2 | 0 | 200 | ८०,५४० | | | | | | | |
| 18 | Steward | 10 | 0 | 100 | ४०,२७० | | | | | | | |
| 19 | Waiter/waitress | 10 | 10 | 120 | ४८,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ९ गते (23rd May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, receptionsupreme123@gmail.com,
Web: www.supremeoverseas.com.np


## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०७९/०२/०२ गते**

यस कम्पनीको मिति २०७९/०१/०२ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **गुरुङ नर्सिग होम प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **गुरुङ्ग हस्पिटल प्रा.लि** (नाम परिवर्तन) नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०१/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गुरुङ्ग हस्पिटल प्रा.लि (प्रा.लि.नं.९००६४)** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**हरी प्रसाद चपाई**
**सहायक रजिष्ट्रार**


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार– सुधारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्युनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९७००० | प्रति तोला – ९६५०० | प्रति तोला – १२४५ |

## विद्युत् प्रसारणलाइन निर्माणका लागि लगानी गर्न स्वीकृति

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल र भारतबीच विद्युत् आदान प्रदानका लागि निर्माण हुन लागेको दोस्रो अन्तरदेशीय प्रसारणलाइन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले लगानीका लागि स्वीकृत दिएको छ। प्राधिकरणले नेपाल र भारतबीच विद्युत् व्यापारका लागि प्रस्तावित न्यू बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्न स्थापना हुने कम्पनीमा वैदेशिक लगानी गर्न स्वीकृति दिएको हो। भारत




सरकारले प्रसारणलाइन आयोजना अन्तर्गत भारततर्फको खण्ड निर्माण गर्न भारतमा स्थापना हुने बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइन कम्पनीमा वैदेशिक लगानी गर्न प्राधिकरणले स्वीकृति दिएको हो।

न्यू बुटवल-गोरखपुर ४०० केभी प्रसारणलाइनअन्तर्गत भारततर्फ पर्ने लाइन निर्माण गर्न विद्युत् प्राधिकरण र भारत सरकारको स्वामित्वको पावर ग्रिड कर्पोरेशन अफ इन्डिया को ५०-५० प्रतिशत शेयर स्वामित्व (इक्विटी) रहने गरी संयुक्त कम्पनी स्थापना गरेर सो आयोजना निर्माण गरिने भएको छ। नेपालतर्फको प्रसारणलाइन प्राधिकरण आफैँले गर्ने भएको छ।

नवलपरासीको सुनवल नगरपालिका-१३ स्थिति न्यू बुटवल सवस्टेसनबाट सुरु भई भारतको गोरखपुर सवस्टेसनसम्म पुग्ने ४०० केभी डबल सर्किट प्रसारणलाइनको लम्बाइ करिब १२० किलोमिटर रहेको छ। नेपालतर्फ २० किलोमिटर र बाँकी भारतमा पर्दछ। कम्पनीको ५० प्रतिशत इक्विटीको हुन आउने ४६ करोड भारतीय रूपैयाँ (७३ करोड ६० लाख रूपैयाँ) रकम भारतमा स्थापना हुने संयुक्त कम्पनीमा वैदेशिक लगानी गर्न प्राधिकरणले स्वीकृति पाएको हो। कम्पनीमा पावर ग्रिडको प्राधिकरणको बराबर नै लगानी रहने छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणले वैदेशिक लगानीको स्वीकृति पाएसँगै आयोजना निर्माणका लागि प्राधिकरण र पावर ग्रिडको लगानीमा भारतमा संयुक्त कम्पनी संस्थापनाको बाटो खुलेको बताएका छन्।

उनले भने,'कम्पनी संस्थापनाका लागि प्रबन्धपत्र र नियमावली तयारी अवस्थामा छन्, अब प्राधिकरणले भारतबाट वैदेशिक लगानीको स्वीकृति पाएसँगै कम्पनी संस्थापनाको प्रक्रिया अगाडि बढ्छ।'नेपाल-भारत ऊर्जा सचिव तथा सहसचिवस्तरीय संयन्त्रको २७-२८ असोज २०७६ मा भएको सातौं बैठकले प्रसारणलाइन निर्माणको लगानी स्वरूपलाई टुङ्गो लगाएको थियो। अनुमानित लागत ४ अर्ब ६२ करोड भारु (७ अर्ब ३९ करोड रूपैयाँ) रहेको आयोजनाको वित्तीय व्यवस्थापन ८० प्रतिशत ऋण र २० प्रतिशत इक्विटीबाट जुटाइने भएको छ। कार्यकारी निर्देशक घिसिङका अनुसार प्रसारणलाइन निर्माणका लागि ठेकेदार छनोटका लागि बोलपत्र डकुमेण्ट बनाउने काम भइरहेको छ, तीन वर्षभित्रमा निर्माण सक्ने लक्ष्यका साथ निर्माण प्रक्रिया अगाडि बढाएको बताए। प्राधिकरण र पावर ग्रिडबीच भदौ २०७८ मा कम्पनी स्थापनाका लागि संयुक्त लगानी तथा लगानीकर्ता सम्झौतामा हस्ताक्षर भएको थियो।

मन्त्रिपरिषद्को २०७८ साउन १९ गतेको बैठकले बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको भारततर्फको खण्ड निर्माणका लागि स्थापना गरिने कम्पनीमा ५० प्रतिशत शेयर लगानी गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो। नेपाल खण्डको प्रसारणलाइन नेपाल आफैंले र भारतर्फको प्राधिकरण र पावर ग्रिडको ५०-५० प्रतिशत शेयर स्वामित्वमा स्थापना हुने कम्पनीले निर्माण गर्ने छन्। दुई हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने क्षमताको प्रसारणलाइन निर्माण गर्न लागिएको हो। हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर पहिलो अन्तरदेशीय ४०० केभी प्रसारणलाइन भन्दा बुटवल-गोरखपुर प्रसारणलाइनले डबल क्षमतामा विद्युत् प्रवाह गर्न सक्ने दाबी गरिएको छ।

## महँगीको चपेटामा अर्थतन्त्र

### नियन्त्रण गर्नेतर्फ गएन सरकारको ध्यान

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकार सत्ता बचाउने खेलमा एकचित्त भएर लागि रहेकै अवस्था जनता भने अत्यधिक महँगीको चपेटामा परेका छन्। विश्वमा देखिएका केही विवाद र युद्धको कारण देखाउदै नेपाली व्यवसायीहरूले आफुखुशी अत्यबश्यक बस्तुको मुल्यमा भारी बृद्धि गरि बिक्री वितरण गर्दै आई उपभोक्तामाथी ठगी गरि रहँदा समेत सरकारको ध्यान नगएका कारण त्यसको असर प्रत्यक्ष देशकै अर्थतन्त्रको विकासमा समेत पर्न गएको अर्थबीद्हरूको भनाई रहेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको ९ महिनामा उच्च दरमा बजार महँगी (उपभोक्ता मुद्रास्फीति) बढेको जनाएको छ। चैत मसान्तसम्म मुलुकको बजार महँगी बढेर ७ दशमलव २८ प्रतिशत पुगेपनि सो दर नियन्त्रण हुनेभन्दा पनि झनझन बढ्दै गएको रिपोर्ट राष्ट्र बैंकले जारी गरेको छ। जुन अघिल्लो वर्षको सोही अवधिको भन्दा वार्षिक विन्दुगत आधारमा ४ दशमलव १८ प्रतिशतले नै बढी रहेको छ। चालु आर्थिक वर्षका लागि मौद्रिक नीतिले ६ दशमलव ५ प्रतिशतसम्मको मात्र मुद्रास्फीतिको सीमा राखेको भएपनि सरकारकै लापरबाहीका कारण सो सिमा नाघेको हो।

बाह्य कारणको दबाब वस्तु तथा सेवाको आयातमा परेको प्रभाव सो मूल्यमा समेत पर्दा बजार महँगी बढ्न गएको सरकारले बताउदै आएपनि सो अवस्था ल्याउनुमा उद्योगी व्यवसायीनै मुख्य जिम्मेवारी भएको देखिन्छ। यस अवधिमा खाद्य तथा पेय पदार्थ घ्यू, तेल, दुग्ध पदार्थ तथा अण्डा, दाल तथा गेडागुडी र सुर्तीजन्य पदार्थमा २८ दशमलव ३६ प्रतिशतले मूल्यवृद्धिका कारण समग्र बजार नै महँगिन पुगेको केन्द्रीय बैंकले जनाएको छ।




सो समीक्षा अवधिमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र सुनको मूल्यमा भारी मूल्यवृद्धि भएको देखाउदै त्यसको प्रभाव नेपालमा समेत परेको जनाएको छ।

समीक्षा अवधिमा ९ दशमलव ४ प्रतिशतसम्मले निर्यात वृद्धि हुँदा समेत उच्च आयातका कारण मुलुकको व्यापार घाटाको दायरा उच्च हुन पुगेको छ। शोधनान्तर स्थिति २ खर्ब ६८ अर्ब २६ करोड घाटामा पुगेको र चालु खाता घाटा समीक्षा अवधिमा बढेर ५ खर्ब १२ अर्ब ७१ करोड पुगेको बैंकले जनाएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो चालु खाता घाटा २ खर्ब १० अर्ब ५१ करोड रूपैयाँ मात्र रहेको थियो। चालु आर्थिक वर्षको शुरुवात देखिनै तीव्र आयातका बीच निरन्तर घट्दोदरमा रहेको विदेशी मुद्राको सञ्चिति र विप्रेषण आप्रवाह (रेमिट्यान्स) रोक्न सरकारले विभिन्न उपाय अपनाएको भनेपनि त्यो प्रभावकारी बनाउन नसक्दा त्यसको असर देशको अर्थतन्त्रमा परेको देखिन्छ। तीव्र आयातलाई रोक्न र विदेशी मुद्राको सञ्चिति बढाउन पछिल्लो समय सरकारले आयात नियन्त्रणको नीति लिएको थियो।

अघिल्लो महिना अर्थात् चालु आर्थिक वर्षको फागुन मसान्तसम्म ११ खर्ब ७१ अर्ब रूपैयाँ बराबर रहेको विदेशी मुद्राको सञ्चिति चैत मसान्तसम्म आइपुग्दा थप ३ अर्ब ८ करोडले घट्न पुगको छ। बैंकका अनुसार चैतमसान्तसम्म मुलुकको विदेशी मुद्रा सञ्चिति घटेर ११ खर्ब ६७ अर्ब ९२ करोड कायम भएको छ। यसले अहिलेकै दरमा ७ दशमलव ४ महिनाको वस्तु आयात र ६ दशमलव ६ महिनाको वस्तु तथा सेवा आयात मात्र धान्न पुग्ने बैंकले जनाएको छ।

## भैरहवा उडान भर्ने वायुसेवालाई सहुलियत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नागरिक उड्डयन प्राधिकरण (क्यान) ले गौतम बुद्ध क्षेत्रीय अन्तर ा्ष्ट्रिय विमानस्थल (जीबीआईए) को व्यवसायिक संचालन सफल बनाउनका लागि वायुसेवा कम्पनीहरूलाई विभिन्न सहुलियतहरू उपलव्ध गराउने भएको छ। प्राधिकणले आफ्नो सेवा जीबीआईएमा थाल्ने अर्न्तराष्ट्रिय वायुसेवा कम्पनीहरूलाई ल्याण्डिङ, पार्किङ, सेक्युरिटी, उड्डयन सहायता सेवा लगायतमा शतप्रतिशत सहुलियत दिने निर्णय गरेको जनाएको छ।

सो सहुलियत एक वर्षसम्मका लागि दिने गरी पर्यटन मन्त्रालयलाई प्राधिकरणले प्रस्ताव बुझाएको जानकारी दिएको छ। प्रधिकरणका अनुसार मन्त्रालयलाई एक वर्षसम्मका लागि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा कम्पनीहरूलाई सम्पूर्ण सेवा शुल्कमा सतप्रतिशत छुटको प्रस्ताव पत्र बुझाएको पुष्टी गरेको छ। सो प्रस्ताव स्विकृत भएसँगै प्राधिकरणले हालै संशोधन गरेको विमानस्थल सेवा शुल्क नियमावली लागू हुने मितिदेखि योजना कार्यन्वयनमा ल्याउने समेत तयारी गरेको छ।

प्राधिकरणले वायुसेवा कम्पनीहरूले यीबाहेक आफ्नो कार्यालय राख्नका लागि लिएको क्षेत्रका लागि भने भाडा तिर्नुपर्ने जनाएको छ। गत चैत ३० मा बसेको मन्त्रीपरिषदको बैठकले प्राधिकरणको नयाँ विमानस्थल सेवा शुल्क नियमावली स्वीकृत गरेको थियो। सोही नियमावली अनुसार प्राधिकरणले हाल लिँदै आएको सेवा शुल्कमा जीबीआईएको हकमा एक वर्षका लागि अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई सबै छुट दिन लागेको जनाएको छ। सो विमानस्थललाई व्यवसायिकरूपमा सफल सञ्चालनका लागि प्राधिकरणले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई विभिन्न सेवामा विशेष छुटको योजना अघि सारेको जनाएको छ।

सो योजना अनुसार प्राधिकरणले ल्याण्डिङ, नेभिगेशन सेक्युरिटीका लागि ८३ हजार किलो क्षमताको जहाजलाई ६ सय ९३ अमेरिकी डलर शुल्क निर्धारण गरिएको छ। एयरबसको ए ३३० सेरिजको जहाजका लागि १५ सय ५५ अमेरिकी डलर शुल्क तय छ। यसअघि यो विमानस्थलमा उडान संचालन गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूका लागि यो रकममा ५० प्रतिशत छुट दिने प्रावधानलाई प्राधिकरणले अगाडि बढाएको थियो।

तर नेपालमा अन्तर्राष्ट्रिय उडान गर्दै आएका वायुसेवा कम्पनीहरू जीबीआईएमा सेवा थाल्नका लागि मागको अवस्था र विमानस्थलको व्यवसाय विस्तारका लागि समेतलाई दृष्टिगत गरेर प्राधिकरणले तत्कालका लागि सतप्रतिशत नै छुट योजना अगाडि बढाइएको जनाइएको छ। प्राधिकरणका अनुसार अन्तर्राष्ट्रिय उडान गर्दै आएका ८३ हजार किलो क्षमताको जहाजले एकपटक पार्किङ गर्दा ८३.६५ डलर शुल्क तिर्नुपर्ने प्रावधान गरिएको छ। यसैगरी एक लाख ८१ हजार किलो क्षमताको जहाजका लागि एकपटकको पार्किङका लागि दुई सय ८० अमेरिकी डलर तोकिएको छ। यसमा पनि क्यानले छुट दिने भएको छ।

यस हिसाबले हेर्दा ल्याण्डिङ, नेभिगेशन सेक्युरिटी र पार्किङ शुल्क समेत गर्दा ए ३३० सेरिजको वा एक लाख ८१ हजार किलो क्षमताका जहाजले हरेक उडान वापत तिर्नुपर्ने कुल १८३५ अमेरिकी डलरे छुट दिने जनाएको छ। प्राधिकरणले अर्न्तराष्ट्रिय वायुसेवाका लागि प्रस्ताव गरेका यी सहुलियतहरू पर्यटन मन्त्रालयले स्वीकृति दिएसँगै कार्यन्वयनमा आउने जनाइएको छ। आउँदो जेठ १४ बाट सेवा शुल्कअन्तर्गत नयाँ प्रावधान लागू हुने जनाइएको छ।

जसअनुसार मुलुकको कुनै पनि अन्तर्राष्ट्रिय विमानस्थलमा कुनै पनि वायुसेवा कम्पनीले अवतरण भएको दुई घण्टाभन्दा बढी पार्किङ गरेबापत शुल्क तिर्नुपर्ने प्रावधान रहेको छ। बोर्ड अफ एयरलाइन्स रेप्रिजेन्टेटिभ नेपाल (बार्न) सँग आवद्ध विभिन्न मुलुकका अर्न्तराष्ट्रिय वायुसेवा कम्पानीले माग राखेसँगै यो विषयमा कायम मुद्दा सम्बोधन गर्न प्राधिकरणले सुरु गरेको जनाएको छ।

गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडानका लागि बार्नले गत साता अवलोकन गरेको थियो। यो विमानस्थल संचालन तथा व्यवस्थापनका लागि प्राधिकरणका उपमहानिर्देशक देवचन्द्र लाल कर्णको मूल समिति र विमानस्थल प्रमुख गोविन्द दाहालको उपसमिति खडा गरिसकेको जनाइएको छ। जेठ २ पछि विभिन्न वायुसेवा कम्पनीले आफ्नो तालिका पेश गर्ने योजना रहेको छ। यसबाहेक फ्लाइ दुबई, एयर अरेबिया, श्रीलंकन एयरलाइन्स लगायत वायुसेवा कम्पनीले तत्काल व्यवसायिक उडानका लागि चासो देखाएको प्राधिकरणले जनाइएको छ।

यो विमानस्थलमा जजिरा एयरवेजले जेठ २ बाटै नियमित व्यवसायिक उडान गर्ने तालिका सार्वजनिक गरिसकेको छ। आउँदो जेठ २ मा प्रधानमन्त्री शेरबहादुर देउवाले यो विमानस्थलको औपचारिक उद्घाटन गर्ने तयारी रहेको छ। यो विमानस्थलमा नेपाल वायुसेवा निगमको वाइडबडी जहाजले प्रदर्शनी उडान गरिसकेको छ। अहिले हुँदै आएका विभिन्न गन्तव्यका आन्तरिक उडानहरू पनि यस विमानस्थलबाट सुरु भइसकेको छ।

## तीन खर्ब लगानी स्वीकृत

**काठमाडौं (प्रस)–** सरकारले चालु आर्थिक वर्षमा २४७ स्वदेशी उद्योगका लागि २ खर्ब ९७ अर्ब रूपैयाँको लगानी स्वीकृत गरेको छ। उद्योग विभागले दिएको जानकारी अनुसार चालु आर्थिक वर्षको साउन महिनादेखि बैशाखसम्म स्वदेशी लगानीका २४७ वटा उद्योग दर्ताका लागि २ खर्ब ९७ अर्ब रूपैयाँ लगानी स्वीकृत भएको जनाएको छ।

विभागका अनुसार यस अवधिमा विभिन्न क्षेत्रका साना, मझौला र ठूला गरी उद्योग दर्ताका लागि उक्त बराबरको रकम स्वीकृत दिएको जनाएको छ। लगानी स्वीकृत भएका उद्योगहरूमा ठूला उद्योग ७१ वटा मझौला उद्योग ८६ वटा र साना उद्योगहरू ९० वटा रहेका छन्। यस अवधिमा लगानी स्वीकृत भएका उक्त उद्योगहरूमा २३ हजार २७९ जनालाई रोजगारीको प्रस्ताव गरिएको छ।

विभागका अनुसार चालु आर्थिक वर्षको पहिलो महिना साउनमा २८ अर्ब २१ करोड रूपैयाँ लगानीका १७ वटा उद्योग दर्ता भएका थिए।

भदौमा २३ अर्ब ९२ करोड रूपैयाँ लगानीका २० वटा, असोजमा ६९ अर्ब ११ करोड रूपैयाँ लगानीका २६ वटा, कात्तिकमा १३ अर्ब ७ करोड रूपैयाँ लगानीका २८ वटा र मंसिरमा १६ अर्ब ९८ करोड रूपैयाँ लगानीका १७ वटा उद्योग दर्ता भएका थिए। पुस महिनामा २१ अर्ब १२ करोड ५२ लाख रूपैयाँ लगानीका साना, मझौला र ठूला गरी १६ वटा उद्योग दर्ता भएका थिए।

माघ महिनामा ५३ करोड १५ लाख रूपैयाँ लागनीमा ७ वटा, फागुनमा २२ अर्ब ८९ करोड रूपैयाँ लगानीका २२ वटा, चैतमा ३७ अर्ब ८१ करोड रूपैयाँ लगानीका २८ वटा र बैशाखमा ३१ अर्ब ३९ करोड रूपैयाँ लगानीका १५ वटा उद्योग दर्ता भएका हुन्। विभागका अनुसार यस अवधिमा विदेशी लगानीका १६३ वटा उद्योग दर्ता भएका छन्। दर्ता भएका उक्त उद्योगहरूमा ३८ अर्ब ५५ करोड रूपैयाँ लगानी स्वीकृत भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बु, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ